का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ चैत २०८१,
आइतबार
30 March, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# निगरानीमा पूर्वराजा ज्ञानेन्द्र

राजतन्त्र पक्षधरको हिंसात्मक प्रदर्शनपछि सरकार, राजनीतिक दलहरू, मानवअधिकार आयोग, नेपाल पत्रकार महासंघलगायतले पूर्वराजा ज्ञानेन्द्र शाहको गतिविधिमाथि निगरानी बढाएका हुन् । कतिपयले ज्ञानेन्द्र शाहको जबाफदेहिता खोजेका छन्



> तीनकुनेमा भएको घटनामा सबै कब्जा गर्ने उहाँहरूको लक्ष्य देखियो, त्यसको सबै जिम्मेवारी उहाँ (पूर्वराजा)ले लिनुपर्छ

■ **डा. प्रकाशशरण महत**
**प्रवक्ता, नेपाली कांग्रेस**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

पूर्वराजा ज्ञानेन्द्र शाह निगरानीमा परेका छन् । राजतन्त्र पक्षधरको हिंसात्मक प्रदर्शनपछि सरकार, राजनीतिक दलहरू, मानवअधिकार आयोग, नेपाल पत्रकार महासंघलगायतले पूर्वराजा ज्ञानेन्द्र शाहको गतिविधिमाथि निगरानी बढाएका हुन् । कतिपयले ज्ञानेन्द्र शाहको जबाफदेहिता खोजेका छन् ।

शुक्रबार काठमाडौंको तीनकुनेमा राजावादीको प्रदर्शन थियो । प्रदर्शनका क्रममा राजावादीले निजी घरहरूमा तोडफोड र आगजनी गरे । एक पत्रकारको जलेर ज्यान गयो । स्थिति तनावग्रस्त बनेपछि प्रहरीले चलाएको गोली लागेर एक प्रदर्शनकारीको मृत्यु भयो । राजावादीहरूले नेकपा (एकीकृत समाजवादी)को पार्टी कार्यालयमा आगजानी गरे । नेकपा (माओवादी केन्द्र)को पार्टी कार्यालयमा तोडफोड प्रयास गरे ।

जुडीबुटीमा रहेको सन्चो उद्योगमा आगजनी गरे । अन्नपूर्ण पोस्टको कार्यालयमा आगजनी गरे भने कान्तिपुर मिडिया हाउसको भवनमा ढुंगामूढा गरे । हिमालय टेलिभिजनको सवारी साधन तोडफोड गरे । अन्य सरकारी तथा निजी सवारी साधनमा आगो लगाए । व्यापारिक केन्द्रहरूमा तोडफोड र लुटपाटसमेत गरे ।

यसरी भएको आपराधिक गतिविधिको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्रको रहेको भनेर सरकार, राजनीतिक दलहरू, मानवअधिकार आयोग र पत्रकार महासंघलगायतले खबरदारी गरेका छन् । यही सन्दर्भमा कतिपयले पूर्वराजा ज्ञानेन्द्र शाहको जबाफदेहिता खोजेका हुन् ।

तले भनेका छन्, 'राजावादीको नाममा भएको गतिविधिको समीक्षा भयो । गृहमन्त्रीज्यूले घटना विवरण प्रस्तुत गरेपछि हिजो भएको घटनामा सबै कब्जा गर्ने उहाँहरूको लक्ष्य देखियो, त्यसको सबै जिम्मेवारी उहाँले (पूर्वराजा) लिनुपर्छ ।'

पूर्वराजाकै योजनामा आन्दोलन समिति बनाइएको कांग्रेसले भनेको छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले, प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा (एकीकृत समाजवादी) लगायतका दलहरूले पनि शुक्रबारको तीनकुने घटनाको निन्दा गरेका छन् । दोषी उपर कारबाही गर्न सरकारलाई भनेका छन् । पूर्वराजा ज्ञानेन्द्र शाहको जबाफदेहिता खोजिनुपर्ने माग गरेका छन् । मओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' >>> पृष्ठ २ मा

# संवेदनशील प्रहरी
## वितण्डा मच्चाउने १११ जना हिरासतमा

प्रहरीले सामाजिक संजालमा आएका सबै फोटो र भिडियो संकलन गरेको छ । सोही फोटो र भिडियोका आधारमा पहिचान भएकालाई प्रहरी हिरासतमा राखिएको छ

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

पूर्वराजा ज्ञानेन्द्र शाहका समर्थकले शुक्रबार काठमाडौंको तीनकुनेमा देखाएको अराजक र हिंसात्मक गतिविधि व्यवस्थापनमा चुकेको प्रहरी प्रशासन उक्त घटनापछि भने संवेदनशील बनेको छ । राजावादीले गरेको आगजनी, लुटपाट र तोडफोडसहितका हिंसात्मक गतिविधिमा अपरिपक्व जस्तै देखिएको प्रहरीले घटनामा संलग्नलाई कारबाही अघि बढाएको हो ।

**राजावादी प्रदर्शन**

उक्त घटनामा वितण्डा मच्चाउनेमध्ये ६ जनालाई शनिबार पक्राउ गरेको छ । योसँगै हिरासतमा पुग्नेहरूको संख्या १११ पुगेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले बताए ।

हिंसात्मक प्रदर्शनका क्रममा शुक्रबार पक्राउ परेका १०५ जना प्रदर्शनकारीहरूको 'स्क्रिनिङ' हुँदै गरेको उनले जानकारी दिए । प्रदर्शनका क्रममा १ जना पत्रकारसहित २ जनाको मृत्यु भएको थियो । सो घटनामा नेपाल प्रहरीका ५३ जना र सशस्त्र प्रहरीतर्फ २४ जना गरी कुल ७७ जना घाइते भएका छन् ।

प्रदर्शनकारीले तीनकुनेको अन्नपूर्ण कम्प्लेक्स, मार्बल हाउस, प्रहरी प्रभाग कोटेश्वर, नेकपा (एकीकृत समाजवादी)को कार्यालयमा तोडफोड गर्नुका साथै कोटेश्वरस्थित भाटभटेनी सुपरस्टोरमा लुटपाट गरेका थिए । >>> पृष्ठ २ मा

**महाधिवेशनमा प्रेस सेन्टर**

# सहमतिमै नयाँ नेतृत्व चुन्न नेताहरूको दबाब

माओवादी अध्यक्ष प्रचण्ड, उपाध्यक्ष अग्नि सापकोटालगायतले मञ्चबाटै नयाँ नेतृत्व चयन सहमतिमै गर्न दबाब दिए । चुनावी प्रक्रियामा जान नदिने प्रस्ट संकेत गरेर उनीहरूले दबाब सिर्जना गरिदिएका हुन्



> लोकतन्त्रको सर्वोत्तम विधि नै सहमति हो । सहमति कायम गर्न सबैले आ-आफ्नो ठाउँमा भूमिका खेल्नुस्

**अग्नि सापकोटा**
**उपाध्यक्ष, नेकपा (माओवादी केन्द्र)**




**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत ।

नेकपा (माओवादी केन्द्र) निकट पत्रकारहरूको संगठन प्रेस सेन्टर नेपाल पाँचौं महाधिवेशनमा छ ।

शनिबार सुरु महाधिवेशन आइतबारसम्म चल्ने कार्यतालिका छ । महाधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै शीर्ष नेताहरूले प्रेस सेन्टरको नयाँ नेतृत्व सहमतिमै चुन्न दबाब दिएका छन् ।

पूर्वप्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहमतीमा नेतृत्व चयन होस् भन्ने आफ्नो चाहना रहेको बताए । 'सहमतिमा >>> पृष्ठ २ मा

### अध्यक्षमा आकांक्षीको लर्को

नेताहरूका अनुसार प्रेस सेन्टरको अध्यक्षमा आकांक्षीको लर्को छ । अध्यक्षका आकांक्षीहरूले पार्टी अध्यक्ष प्रचण्डलाई भेटेर आफ्नो चाहना सुनाएका छन् ।

गत बिहीबार र शुक्रबार प्रचण्ड निवास खुमलटारमा प्रेस सेन्टरका पदाधिकारीहरू पुगेका थिए । त्यसक्रममा आधा दर्जन बढीले भावी नेतृत्वका लागि आकांक्षा प्रकट गरेका हुन् ।

वर्तमान अध्यक्ष विष्णु सापकोटा 'जुगल' आफैं दोहोरिन चाहन्छन् । वर्तमान वरिष्ठ उपाध्यक्ष कमल गिरी, उपाध्यक्ष दीपेन्द्र रावल, >>> पृष्ठ २ मा

# म्यान्मार भूकम्पमा १७ जना नेपालीभाषीको मृत्यु

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

म्यान्मारमा शुक्रबार गएको शक्तिशाली भूकम्पमा १७ जना नेपालीभाषीको मृत्यु भएको छ । मृतक मध्ये ९ जनाको शव भेटिएको छ ।

म्यान्मारमा रहेका लक्ष्मण न्यौपानेका अनुसार भूकम्पमा परी १७ नेपालीभाषीको मृत्यु भएको छ । मृतक शवहरू खोजी भइरहेको छ ।

नेपालीहरू बढी बसोबास रहेको मान्डेलेमा 'सबैभन्दा धेरै क्षति भएको छ । बीबीसीका अनुसार म्यान्डले नामक शहरमा एक दाहाल परिवारका ७ जनाको मृत्यु भएको छ । त्यसबाहेक अरू १० जनाको पनि भूकम्पमा परी मृत्यु भएको हो ।

शुक्रबार राति धेरै नेपालीभाषीहरू फेरि भूकम्प आउन सक्ने डरले खुला आकाशमुनि रात बिताएका थिए ।

शुक्रबार म्यान्मार केन्द्रविन्दु भएर ७.७ रेक्टरस्केलको शक्तिशाली भूकम्प गएको थियो । भूकम्पले छिमेकी थाइल्याण्डमा पनि थुप्रै जनधनको क्षति गराएको छ ।

म्यान्मारमा अहिलेसम्म १ हजारभन्दा धेरैको मृत्यु भएको छ । उद्धारकर्मीहरूले मृतकको संख्या बढ्न सक्ने बताएका छन् । सञ्चार माध्यमहरूका अनुसार त्यहाँ अहिले पनि खोजी, उद्धार र राहतको काम भइरहेको छ । दशौं हजार मानिस मारिएको हुनसक्ने >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा नेपाली कामदारका समस्याबारे राजदूत तिमल्सिनाको ध्यानाकर्षण

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, १६ चैत ।

नेपाली जनसम्पर्क समिति मलेसियाले उक्त मुलुकमा कार्यरत नेपाली कामदारले भोग्नुपरेका आधा दर्जनभन्दा बढी समस्याबारे नेपाली राजदूत डा. नेत्रप्रसाद तिमल्सिनाको ध्यानाकर्षण गराएको छ ।

नेपाली राजदूतावास क्वालालम्पुरमा शुक्रबार एक कार्यक्रम आयोजना गरी समिति सभापति चोलाकान्त पंगेनीले समितिका पदाधिकारीहरूको रोहवरमा ध्यानाकर्षण गराएका हुन् ।

समितिले मलेसियामा रहेका नेपाली श्रमिकहरूको सुरक्षित रोजगारी, उचित पारिश्रमिक, छात्राबास, स्वास्थ्य उपचार, सचेतना, जेल र घर फिर्तालगायत समस्या समाधान तथा उनीहरूको हकहित संरक्षणबारे ध्यानाकर्षणपत्र बुझाएको छ । छलफल ३ घन्टाभन्दा बढी समय चलेको थियो ।

दूतावासका तर्फबाट मलेसियाका लागि राजदूत डा. तिमल्सिना र प्रथम सचिव बलिरामप्रसाद धामी सहभागी थिए । नेपाली जनसम्पर्क समिति मलेसियाका सभापति



पंगेनीले दूतावासले घर फिर्ती समस्या समाधानका लागि दूतावास बढी सक्रिय >>> पृष्ठ २ मा

### एनआरएनए क्रोएसियाका अध्यक्ष साइमन लामा भन्छन्

- अष्ट्रियाको भियनामा रहेको नेपाली दूतावासबाट प्रदान गरिने सेवा क्रोएसियामा अपुग भएको र सबैको पहुँचमा पुग्न नसकेको अवस्था छ ।
- क्रोएसियामा नेपाली दूतावास वा नियोग अतिआवश्यक छ ।



विस्तृत अन्तर्वार्ता पृष्ठ ८ मा..

### नेकपा एसका उपाध्यक्ष जगन्नाथ खतिवडा भन्छन्–

- देशको राजनीतिक, आर्थिक, सामाजिक अवस्थामा सकारात्मक सन्देश दिनका लागि राजनीतिक दलहरूमा परिवर्तन अनिवार्य भएको महसुस गरिएको छ ।
- पूर्वराजावादीसहितको पछिल्ला आन्दोलन र नागरिकका असन्तुष्टिले दलहरूको कार्यशैली परिवर्तन हुनुपर्ने सन्देश दिइसकेको छ ।
- सरकारमा बस्नेहरू सधैं जनताका कामप्रति उदासीन हुने र आफ्नो स्वार्थप्रति लालायित हुने गरेका देखिन्छ ।
- यही मौकालाई छोपेर पुरातनवादी, प्रतिक्रियावादीहरू राजतन्त्र ल्याउन सकिन्छ कि भनेर कोसिस गर्ने र मुलुकलाई मुठभेडतर्फ लैजानका लागि बल गर्दै छन् ।
- नेपालमा विकासका मानक र राष्ट्रको इज्जत प्रतिष्ठा कमजोर बन्दै गएको छ ।
- आजको स्थिति आउन त कांग्रेस-एमाले, केपी ओली र शेरबहादुर देउवाले जिम्मा लिनुपर्छ ।
- अब समाजवादी मोर्चाले राष्ट्रिय एजेन्डाहरूमा गम्भीरतापूर्वक काम गर्ने छ ।
- समाप्त गरिसकेकाहरूले सडक हाम्रो हो भनेर दाबी गरिरहँदा गणतन्त्रवादीहरूले सडक तिम्रो होइन भनेर भन्नका लागि हामीले प्रदर्शन गरेका हौं ।



विस्तृत अन्तर्वार्ता पृष्ठ ४ मा..

निमन्त्रणा
आदरणीय व्यवसायी सदस्यज्यूहरु
नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ साल चैत्र २९ गते हुन गइरहेको नयाँ कार्यसमिति चयनसहितको ३१औं साधारण सभाका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका तर्फबाट भूवनसिंह गुरुङको नेतृत्वमा चयन गरिएको टिमको उम्मेदवार घोषणा सभा तल उल्लेखित मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण व्यवसायीज्यूहरुलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।
कार्यक्रम
मिति : २०८१ चैत १७ (आजै)
समय : दिनको ३ बजे
स्थान : अनुपम फुडल्याण्ड, बतिसपुतली, काठमाडौं
तिलकबहादुर रानाभाट
संयोजक
निर्वाचन परिचालन मूल समारोह समिति
नेपाली कांग्रेसको शुभेच्छुक संस्था
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
Nepal Democratic Foreign Employment Entrerpreneu rs Association
नयाँबानेश्वर, काठमाडौं, फोन नं. ९७४५९४५८१८, ०१-४५६६४२८

मध्यान्ह
www.madhyanhadaily.com
१७ चैत २०८१ आइतबार
30 March 2025, Sunday

# आन्दोलनका नाममा हिंसा गर्ने जोसुकैलाई कारबाही हुन्छ : मन्त्री गुरुङ

**गण्डकी/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आन्दोलनका नाममा हिंसा भड्काउने जोसुकैलाई कारबाही हुने बताएका छन् । नेपाल सुनचाँदी व्यवसायी महासंघको १२औं वार्षिक साधारणसभाको शनिबार पोखरामा उद्घाटन गर्दै उनले सरकारले अराजक, अनुशासनहीन गतिविधि हेरेर नबस्ने र व्यवस्थाविरोधी गतिविधि गर्नेलाई कारबाही गरिने बताए ।

अहिलेको व्यवस्थाको विकल्प नरहेको र व्यवस्थाविरुद्धमा हुने गतिविधिलाई कुनै पनि हालतमा छुट दिन नसकिने भन्दै मन्त्री गुरुङले चित्त नबुझे अहिलेको व्यवस्थाअनुसार रहेक पाँच वर्षमा हुने चुनावबाट आफ्नो मुद्दा स्थापित गर्न सुझाव दिए ।

उनले भने, 'हामीले मन्त्रिपरिषद् बैठकबाट निर्णय गरिसकेका छौं, यस्ता गतिविधिमा सङ्लग्नलाई छानबिन गरेर कारबाही हुन्छ ।



राजतन्त्र आफ्नै कारणले सक्किएको हो । आफ्नो परिवार र संस्था बचाउन नसक्नेले फेरि देश र तीन करोड नेपालीलाई कसरी बचाउन सक्छ ? संविधानको खिलापमा कुनै गतिविधि मा नगरौं ।' व्यवस्था परिवर्तन भए पनि सोअनुसार कानुन परिवर्तन नहुँदा जनताबाट अपेक्षित काम गर्न समस्य भएको भन्दै सरकारका प्रवक्ता गुरुङले यही अवस्थालाई दृष्टिगत गर्दै सरकारले आवश्यक कानुनहरूको निर्माणमा जोड दिएको बताए । उनले सरकारका कामलाई प्रभावकारी बनाउन विद्यमान विभिन्न १२ वटा ऐन संशोधन गर्ने तयारी भइरहेको समेत बताए ।

मन्त्री गुरुङले वर्तमान सरकारले आर्थिक रूपमा संकटमा गर्ने अवस्थाबाट मुलुकलाई जोगाएको जिकिर गर्दै आवश्यकताका आधारमा मात्रै ऋण लिने नीतिअनुसार सरकार अगाडि बढेको बताए । उनले सुनचाँदी व्यवसायलाई व्यवस्थित बनाउका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि सरकारले पहल गर्ने बताए । प्रतिनिधिसभा सदस्य दामोदर बैरागीले सुनचाँदी व्यवसायको सुरक्षा प्रत्याभूति गराउनका सोहीअनुसार विधि र प्रणालीलाई व्यवस्थित गर्दै जानुपर्ने बताए । महासंघका अध्यक्ष अर्जुन रसाइलीले व्यवसायलाई थप व्यवस्थित बनाउन महासंघ निरन्तर लागिरहेको बताए ।

# आगलागीमा ५ घर जलेर नष्ट

**रौतहट/मस-** रौतहटको मध्यभागमा रहेको गरुडा नगरपालिका ४ गरुडा बाजारमा भीषण आगलागी हुँदा ५ घर जलेर नष्ट भएका छन् ।

गरुडा तरकारी बजारमा रहेको ५ वटा फुसको घरमा भीषण आगलागी भएको हो ।

आगलागीबाट १३ लाख रुपैयाँ बराबरको क्षति भएको छ । आगलगीमा दुई वटा ग्यास



सिलिण्डर विष्फोट भएको थियो ।

स्थानीय कमल जयसवालसहित अन्य व्यक्तिले भाडामा लिएर होटल सञ्चालन गर्दै आएको घरमा आगलागी भएको हो । आगलागीका कारण ५ वटै घर पूर्ण रूपमा जलेर नष्ट भएको छ भने घरमा राखिएको विभिन्न सामान समेत जलेर खरानी भएको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

आगलागी भएको खबर पाउनसाथ गरुडा नगरपालिकाबाट दमकल पठाइएको थियो । तर उक्त दमकलले आगो पूर्ण रूपमा नियन्त्रणमा आउन नसकेपछि गौर नगरपालिकाको बारुण यन्त्र मगाइएको थियो । सेकुवा तताउन बालेको आगोबाट सल्केर आगलागी भएको बताइएको छ । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ ।

## निगरानीमा...

पूर्वराजा ज्ञानेन्द्रलाई छाडा हुने छुट दिन नसकिने बताउँछन् । 'ज्ञानेन्द्र शाहलाई छाडा हुने छुट दिन सकिँदैन, नेपाली जनता त्यसका लागि तयार छैनन्', प्रचण्डले भनेका छन्, 'यसमा सरकार गम्भीर बनोस् ।'

## संवेदनशील...

राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिको आह्वानमा भएको आन्दोलनका क्रममा शुक्रबार १५ सवारी साधन र १४ ठाउँमा आगजनी तथा १० स्थानमा लुटपाट र ६ वटा निजी सवारी साधनमा समेत क्षति पुऱ्याएको प्रहरीले जनाएको छ । झडपमा ३५ प्रदर्शनकारी घाइते भएका छन् ।

प्रदर्शन योजनाबद्ध रूपमा हिंसात्मक बनाइएको प्रहरीको निष्कर्ष छ । प्रदर्शनको सुरुवातमै कार्यक्रमका कमान्डर भनिएका दुर्गा प्रसाईं आफैंले गाडी चलाउँदै प्रहरीलाई धक्का दिँदै निषेधित क्षेत्र तोडेर आन्दोलनकारीहरूलदाई थप उत्तेजित बनाएका थिए ।

प्रसाईं र राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले प्रदर्शनकारीलाई प्रहरीको घेरा तोड्न उक्साएर स्थिति अझ जटिल बनाएका प्रहरी अधिकारीहरू बताउँछन् ।

लुटपाट, आगजनी र तोडफोडका क्रममा कैद भएका तस्बिर र भिडियोका माध्यमबाट संलग्नहरूलाई पक्राउ गरी आवश्यक कारबाही गर्ने प्रहरीको भनाइ छ । प्रहरीले सामाजिक संजालमा आएका सबै फोटो र भिडियो संकलन गरेको छ । सोही फोटो र भिडियोका आधारमा पहिचान भएकालाई प्रहरी हिरासतमा राखिएको छ ।

प्रहरी महानिरीक्षक दीपक थापाले आपराधिक गतिविधिको सूचना संकलन तथा विश्लेषण गरी आवश्यक सुरक्षा रणनीति बनाउँदै प्रभावकारी प्रहरी परिचालन गर्न कतै कमी हुन नदिन मातहतका प्रहरी अधिकृतलाई निर्देशन दिएका छन् ।

शान्ति सुव्यवस्था कायम राख्नु र जीउ धनको सुरक्षा गर्नु नेपाल प्रहरीको प्रमुख जिम्मेवारी भएकाले संयमित भएर सुरक्षा सतर्कता अपनाउन र अबाञ्छित गतिविधिमा संलग्नलाई पक्राउ गर्न दिएको निर्देशन दिएका छन् । सोहीअनुसार शुक्रबार नै राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशम्शेर राणा र संयुक्त जनआन्दोलन समितिका प्रवक्ता स्वागत नेपाललगायतलाई पक्राउ गरेको हो ।

उनीहरूलाई घरबाटै पक्राउ गरिएको थियो भने प्रदर्शनका प्रमुख कमान्डर दुर्गा प्रसाईं फरार छन् । प्रसाईंलाई पक्राउ गर्न प्रहरीका ३ वटा विशेष टोली बनाएर परिचालन गरिएको बताइएको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी प्रधान कार्यालयको टोलीले उनको खोजी गरिरहेको प्रहरी अधिकारीहरूले बताएका छन् ।

## सहमतिमै...

नेतृत्व चयन गर्नुहोस् भन्ने मेरो चाहना छ । लोकतान्त्रिक अभ्यास गर्न सकिन्छ । तर, सर्वसम्मत नेतृत्व चयन गर्ने कुरा अझ जनवादी हुन्छ', प्रचण्डले भने । अर्थात्, प्रचण्डले सहमतिमै नयाँ नेतृत्व चयन गर्न भनेर दबाब दिएका हुन् ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले पनि प्रेस सेन्टरलाई सहमतिबाटै नयाँ नेतृत्व चयन गर्न भनेका छन् ।

'लोकतन्त्रको सर्वोत्तम विधि नै सहमति हो । सहमति कायम गर्न सबैले आ-आफ्नो ठाउँमा भूमिका खेल्नुस् । यो अग्रगामी भूमिकामा छ । यसले राष्ट्रिय सन्देश दिन्छ भन्ने विश्वास छ', सापकोटाले भने ।

महाधिवेशनमा देशभरबाट ८५० जना पत्रकारहरू प्रतिनिधिका रूपमा सहभागी छन् । महाधिवेशनले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष ५, महासचिव, उपमहासचिव ५, सचिव १५ र कोषाध्यक्षसहित ९९ सदस्यीय केन्द्रीय समिति निर्वाचित गर्ने छ ।

११९ सदस्यीय केन्द्रीय समितिमा ९९ जना प्रतिनिधिबाट चुनिने व्यवस्था विधानमा छ । २० प्रतिशत अध्यक्षको प्रस्तावमा केन्द्रीय समितिले मनोनयन गर्ने छ । २९ सदस्यीय पदाधिकारीमा अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १ जना रहने छन् । उपाध्यक्ष खुल्ला ३, महिला १, समावेशी १० जना हुने छन् । महासचिव १ जना हुने छन् । उपमहासचिव खुल्ला १, महिला १, दलित १, मधेशी १, आदिवासी/जनजाति १० जना हुने छन् । सचिव खुल्ला २, महिला १, समावेशी १, प्रत्येक प्रदेशबाट १/१ जना, कोषाध्यक्ष १ जना रहने व्यवस्था विधानमा छ ।

## अध्यक्षमा...

निर्मल ज्ञवाली, लक्ष्मण खड्काले नेतृत्वका लागि लबिइङ बढाएका छन् ।

बबिन शर्मा, मनोज घर्तीमगर र सुरेश यादवले पनि नेतृत्वको आकांक्षा राखेका छन् । वर्तमान महासचिव सन्तोष पौडेलले पनि अध्यक्षमा दाबी गरेका छन् ।

नेताहरूका अनुसार वर्तमान अध्यक्ष सापकोटा नै दोहोरिने वा वरिष्ठ उपाध्यक्ष गिरीलाई अध्यक्ष बनाएर जाने भन्नेमा छलफल केन्द्रित छ । तेस्रो व्यक्तिलाई अध्यक्ष बनाउने विषय पनि बहसमा छ ।

तर, अध्यक्षका आकांक्षीको लर्को नै लागेकाले सहमतिको विकल्पभन्दा चुनाव उचित हुने रायसमेत प्रेस सेन्टरका नेताहरूले प्रस्तुत गरिरहेका छन् ।

पार्टी नेताहरूले सहमतिमै नेतृत्व चयन गर्न दबाब दिएकाले प्रेस सेन्टरका नेताहरू दबाबमा परेका छन् ।

## म्यान्मार...

उद्धारमा खटिएका सुरक्षाकर्मीहरूले जनाएका छन् ।

भग्नावशेषभित्र पुरिएका मानिसहरूको खोजी तथा उद्धारकार्य जारी रहेको अधिकारीहरूले बताएका छन् ।

भूकम्पको केन्द्रबिन्दुदेखि नजिकै पर्ने म्यान्डलेमा विध्वंसको भयावह दृश्य देखिएको छ, जहाँ नेपालीभाषीहरूको अत्याधिक बसोबास छ । अधिकारीहरूका अनुसार त्यस क्षेत्रमा मात्रै ७ सय जनाको हाराहारीमा मृत्यु भएको छ ।

म्यानमारको सैनिक सरकार प्रमुखले अन्तर्राष्ट्रिय सहायताका लागि अपील गरेका छन् । तर जारी गृहयुद्धका कारण राहत कार्य प्रभावित हुने ठानिएको छ ।

विध्वंसकारी भूकम्पपछि भारतले सहायता सामग्री पठाएको छ भने चीनले उद्धारकार्यमा सघाउन १७ सदस्यीय टोली पठाएको छ ।

यस्तै, भूकम्पबाट प्रभावित थाईल्यान्डको राजधानी बैंककमा पनि राहत तथा उद्धार कार्य जारी छ । तर थाइल्याण्डमा भूकम्पबाट नेपालीहरू हताहती नभएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

भूकम्पले एउटा निर्माणाधीन गगनचुम्बी भवन भत्कँदा दर्जनौं कामदार पुरिएका छ ।

अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएसका अनुसार भूकम्पको केन्द्रबिन्दु म्यान्मारको सगाइङ सहरबाट १६ किमि टाढा थियो । भूकम्प जमिनभन्दा १० किमि तल उत्पन्न भएको थियो । थाइल्यान्डबाहेक दक्षिणपश्चिम चीनमा पनि भूकम्पको धक्का महसुस गरिएको थियो ।

थाईल्यान्ड भूकम्पीय क्षेत्रमा पर्दैन । तर त्यहाँ महसुस गरिने अधिकांश भूकम्पको केन्द्रबिन्दु छिमेकी देश म्यान्मारमा हुनेगर्छ ।

## मलेसियाका...

हुनुपर्ने देखिएको भन्दै दूतावासले आधिकारिक रूपमा श्रमिकको उद्धार तथा सहयोगका लागि स्वदेश फिर्ता हुने हवाई टिकट माग गरेमा जनसम्पर्क समितिले आफ्नो क्षमताले भ्याएसम्म हवाई टिकट उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष पंगेनीले नेपाली कामदारको अकालमा मृत्यु नहोस् भन्ने कुरामा जोड दिँदै दूतावासले राजनीतिक आधारमा कसैलाई नजिक र कसैलाई पर नराखी सम्मानजनक अभिभावकीय भूमिका निभाउन आग्रह गरे । उनले जनसम्पर्क समिति नेपाली दूतावासको गरिमाप्रति सचेत रहेको भन्दै दूतावास पुग्दा सबैले सभ्य, शिष्ट र मर्यादित व्यवहार देखाउनसमेत अनुरोध गरे ।

ध्यानाकर्षणपत्र ग्रहण गर्दै राजदूत डा. तिमल्सिनाले जनसम्पर्क समितिले दिएका सुझावलाई दूतावासका तर्फबाट मनन गर्ने, सुझावअनुसार विधिसम्मत काम गर्ने र श्रमिकका मामिलामा कसैसँग पनि सम्झौता नगरिने प्रतिबद्धता व्यक्त गरे ।

छलफलका क्रममा नेपाली जनसम्पर्क समितिका महामन्त्री हरि कोइराला, प्रवक्ता सरोज दाहाल, इन्द्र भण्डारी, दीपेन्द्र शाही, डेबिड घिमिरे र पत्रकार घनश्याम चौधरीलगायतले मलेसियामा श्रमिकका समस्या र समाधानका उपायहरूबारे आ-आफ्ना धारणा राखेका थिए ।

मलेसियामा हाल करिब ४ लाख नेपाली कार्यरत छन् ।

# पूर्वराजाले राज्यद्वारा प्राप्त सुविधाको दुरुपयोग गरे : कांग्रेस



**काठमाडौं/मस-** नेपाली कांग्रेसले पूर्वराजा ज्ञानेन्द्र शाहले राज्यद्वारा प्राप्त सेवा सुविधा र सहजताको दुरुपयोग गरेको निष्कर्ष निकालेको छ ।

कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको आज बसेको बैठकमा शुक्रबार काठमाडौंको तीनकुनेमा पूर्वराजा समर्थकहरूले हिसांत्मक प्रदर्शन गरेको सम्बन्धमा समीक्षा भएको थियो ।

बैठकपछि पार्टी प्रवक्ता डा.प्रकाशशरण महतले बैठकले हिजोका गतिविधिको गम्भीर समीक्षा गर्दै भर्त्सना गरेको बताए । उनले आक्रमण गर्ने स्थान नै घोषणा गरेर तोडफोड र अराजकता सिर्जना गरेको भन्दै त्यसको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्रले लिनुपर्ने सम्बन्धमा छलफल भएको बताए ।

सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा भएको बैठकले हिंसा भड्काउने र हिंसामा सामेल हुने व्यक्तिहरूलाई अविलम्ब कानूनी कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरेको छ ।

# तीनकुने घटनाको बारद्वारा भर्त्सना

**काठमाडौं/मस-** नेपाल बार एसोसिएशनले नेपालको संविधानविपरीत पूर्वराजाको समर्थन गर्दै आक्रमण, तोडफोड, आगजनी र लुटपाट गरी मानवीय र भौतिक हुनेगरी भएको घटनाको भर्त्सना गरेको छ । बारका महासचिवमा अन्जिता खनालद्वारा शनिबार जारी भएको विज्ञप्तिमा शुक्रबार तीनकुनेमा पूर्वराजा समर्थकको प्रर्दशनका क्रममा भएको घटनामा मानवीय र भौतिक क्षति भएको भन्दै दुःख व्यक्त गर्दै भर्त्सना गरिएको हो ।

बारले एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजक र सोही घटनामा परी सबिन महर्जनको मृत्यु भएको जनाउँदै उनीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ । मृतकका परिवारलाई उचित क्षतिपूर्ति माग गर्नुका साथै घटनाको सत्य अनुसन्धान गरी दोषीलाई कानुन बमोजिम कारबाही गर्न माग गरिएको बारका महासचिवमा खनालले जानकारी दिए । साथै, बारले विज्ञप्तीमार्फत यस्ता घटना पुनः दोहोरिन नदिन मानवअधिकारको रक्षा, सुरक्षाको प्रभावकारी व्यवस्था गर्न र आमनागरिकको सुरक्षा गर्न सरकारसँग अनुरोध पनि गरेको छ ।

# २१० जनाको स्तन, पाठेघर र पाठेघरको मुखको क्यान्सरको निःशुल्क परीक्षण

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले यही चैत १२ गतेदेखि वीर अस्पतालमा सुरु गरेको स्तन, पाठेघर र पाठेघरको मुखमा हुने क्यान्सरको निःशुल्क परीक्षणमा शुक्रबारसम्ममा २१० जनाले परीक्षण गराएका छन् ।

परीक्षण आगामी वैशाख १२ गतेसम्म चल्ने जानकारी दिँदै महानगरले परीक्षणका लागि नागरिकले आफू नजिकको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पहिले सम्पर्क गर्नुपर्ने र सम्पर्कमा तोकिएकै समयमा परीक्षण गराउन पनि आग्रह गरेको छ ।

यही चैत १२ गते स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कामपा उपप्रमुख सुनिता डङ्गोल, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति डा.भूपेन्द्र बस्नेतले बिरामीलाई परीक्षण कार्ड प्रदान गर्दै परीक्षण शुभारम्भ गरेका थिए ।

गत वर्ष गरिएको परीक्षणका क्रममा छुटेका ३० वर्षदेखि ६० वर्ष उमेर समूहका महिला, गत वर्ष परीक्षणका क्रममा पोजेटिभ देखिएका महिला प्रारम्भिक उपचारको लक्षित समूहमा रहने कार्यक्रमका स्थानीय स्रोत व्यक्ति चन्दा भट्टले जानकारी दिइन् ।

उनका अनुसार स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट अहिलेसम्म ३०३ जनाले रिफरल स्लिप लिए पनि परीक्षणका लागि आएका छैनन् ।

परीक्षणमा जानुअघि आफू नजिकैको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा गएर विवरण टिपाउनुपर्छ । यसरी विवरण टिपाएपछि केन्द्रबाट रेफरल स्लिप प्राप्त हुन्छ । यो स्लिप लिएर परीक्षणका लागि वीर अस्पताल सर्जिकल भवनको भुइँ तलामा जानुपर्छ । परीक्षण शनिबारबाहेक हरेक दिन बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म गर्ने गरिएको छ । ३० वर्षदेखि ६० वर्ष समूहका महिलाले हरेक पाँच वर्षमा एकपटक परीक्षण गराउन सुझाव छ ।

धेरै पुरुषसँग यौनसम्पर्क भएका, १६ वर्षभन्दा कम उमेरमा यौनसम्पर्क भएका, महिनावारी भएको पहिलो वर्षभित्रै यौनसम्पर्कमा भएका, एचआइभीजस्ता यौनजन्य सङ्क्रमण भएका, ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) देखिएका, धुमपान गर्ने, प्रतिरक्षा प्रणाली कमजोर भएका, धेरैपटक गर्भवती भएका, कहिल्यै जाँच नगराएका महिलालाई पाठेघरको मुखको क्यान्सर उच्च जोखिम हुन्छ ।


**प्रदेश सरकार**
**कोशी प्रदेश**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## जिल्ला अस्पताल खोटाङ

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८१/१२/१७, आइतबार**

यस जिल्ला अस्पताल खोटाङमा अस्पताल व्यबस्थापन समितिको निर्णयानुसार तपशिलका पदमा सेवा करारमा कर्मचारी लिन आश्यकता भएकाले सम्बन्धित पदको लागि योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा निर्धारित ढाँचाको फारम भरी अस्पतालमा दरखास्त दिन हुन जानकारी गराइन्छ ।

१. पद सम्बन्धी विवरण

**तपशिल**

| सि.नं | विज्ञापन नं | पद सेवा समुह | तह | आवश्यक माग संख्या |
|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | फार्मेशी सहायक, स्वास्थ्य | पाँचौ | १(एक) |
| २. | ०२/०८१/०८२ | एम्बुलेन्स चालक (ह.स.चा.) | श्रेणीविहिन प्रथम | १(एक) |

२. **परिक्षाको किसिमः** लिखित र अन्तर्वार्ता
३. **परिक्षा दस्तुरः** पाँचौ तहको रु ७०० र श्रेणीविहिन प्रथमको रु ५०० बुझाउनु पर्नेछ ।
४. **राजश्व दस्तुर बुझाउनेः** राजश्व शिर्षक नं १४२२९ कार्यालय कोड ३७००२०८०११
५. **दरखास्त दिने स्थानः** जिल्ला अस्पताल खोटाङ
६. **दरखास्थ दर्ता गर्ने अन्तिम मितिः** सूचना जारी भएको मितिले १५ दिनभित्र
७. **लिखित परिक्षा र अन्तर्वार्ता हुने मितिः** पछि प्रकाशन गरिनेछ ।
८. **तलब भत्ताः** अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ ।
९. **सेवा अवधिः** २०८२ को असार मशान्तसम्म ।
१०. **उम्मेदवारको उमेरको हदः**
- स्वास्थ्य सेवा तर्फको दरखास्त दिने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ बर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको ।
- एम्वुलेन्स चालकको हकमा दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको हुनु पर्नेछ ।

११. **आवश्यक न्यूनतम योग्यता र पेश गर्नुपर्ने कागजातहरुः**

| फार्मेशी सहायक पदको हकमा | एम्वुलेन्स चालक पदको हकमा |
|---|---|
| • स्वास्थ्य सेवा नियमावली २०५५/ प्रदेश निजामति सेवा नियमावली २०८० मा सम्बन्धित पदका लागि तोके अनुसारको शैक्षिक योग्यता हाँसिल गरी सम्बन्धित परिषदमा दर्ता भएको ।<br>• दरखास्त फारमसँग सम्बन्धित कोर्ष उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्क पत्र, म्याद भएको परिषद् दर्ता प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र तालिम तथा कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । | • नेपाली नागरिक, हलुका सवारी साधन अनुमति पत्र प्राप्त गरेको, सवारी चालकको रुपमा न्युनतम ३ बर्षको अनुभव प्राप्त गरेको र न्यूनतम कक्षा ८ उत्तीर्ण गरेको ।<br>• नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सवारी साधन अनुमति पत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि र अनुभव प्रमाणपत्र र राष्ट्रिय आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिमको प्राथमिक उपचारको तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । |

१२. अन्य कुराहरु कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।
१३. यो सूचनामा उल्लेख भएका कुराहरु उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून् बमोजिम हुनेछ ।

**जिल्ला अस्पताल खोटाङ**

# ‘जस्तोसुकै परिस्थितिमा पनि मनोबल उच्च बनाउनू’



**काठमाडौं /मस–** नेपाल प्रहरीका महानिरीक्षक दीपक थापाले शान्ति सुव्यवस्था कायम राख्नु र जीउधनको सुरक्षा गर्नु आफूहरूको प्रमुख जिम्मेवारी भएको बताएका छन्। शनिबार प्रहरी हेडक्वार्टरबाट समसामयिक विषयमा निर्देशन दिँदै उनले जस्तोसुकै विषम परिस्थितमा पनि उच्च मनोवलका साथ उपलब्ध संयन्त्रको अधिकतम उपयोग गरी काम गर्न निर्देशन दिए।

महानिरीक्षक थापाले आ–आफ्नो क्षेत्रमा कुनै पनि आपराधिक क्रियाकलापका घटनाहरू हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउनुपर्ने बताए।

आपराधिक गतिविधिको सूचना संकलन तथा विश्लेषण गरी आवश्यक सुरक्षा रणनीति एवम् प्रभावकारी प्रहरी परिचालनमा कटिबद्ध हुन निर्देशन दिए। आ–आफ्नो जिम्मेवार क्षेत्रहरूमा सुरक्षा व्यवस्थापनको निम्ति आवश्यक सुरक्षा योजना निर्माणका साथै सरोकारवाला सबै पक्षहरूसँग समन्वय र सहकार्य गरी कार्यसम्पादन गर्नुपर्नेमा उनले जोड दिए।

प्रहरी महानिरीक्षक थापाले सीमित स्रोतसाधनको अधिकतम प्रयोग गरी धैर्यताका साथ थप संवेदनशील भएर प्रहरी कर्मचारीहरूले आफ्नो काम कारबाही गर्नुपर्ने उल्लेख गर्दै आम नागरिकको समस्यालाई समयमै सम्बोधन गर्नेगरी प्रहरी परिचालित हुनुपर्नेमा जोड दिए। अवैध हातहतियार ओसार पसार, विष्फोटक पदार्थ ओसार पसार, तस्करी एवं गुण्डागर्दी लगायतका अराजक गतिविधि नियन्त्रणमा प्रहरी निर्मम ढंगले अगाडि बढ्नुपर्ने उनले बताए।

# अमेरिकाबाट डिपोर्ट भएका ४ भुटानी शरणार्थी पक्राउ



**काठमाडौं /मस–** अमेरिकाबाट डिपोर्ट भएका ४ भुटानी शरणार्थी पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय, झापाले दमकस्थित बेलडाँगी शरणार्थी शिविरबाट उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा ३६ वर्षीय आशिष सुवेदी, ३१ वर्षीय सन्तोष दर्जी र ३६ वर्षीय रोशन तामाङ छन्।

उनीहरु अमेरिकाबाट डिपोर्ट भएर भुटान पुगेका थिए। त्यसक्रममा उनीहरु भाग्दै भारत हुँदै नेपाल प्रवेश गरेको पाइएको प्रहरीले जनाएको छ। उनीहरुले अध्यागमन कानुनको उल्लंघन गरेको पाइएको प्रहरीले जनाएको छ। चारै जनालाई आवश्यक कारबाहीका लागि अध्यागमन कार्यालय, काँकडिभट्टा पठाउने तयारी भएको प्रहरीले जनाएको छ।

# ‘लुम्बिनी प्रदेशमा कुपोषण न्यूनीकरणका लागि विशेष पहल’

**सूर्यप्रसाद भुसाल /मध्यान्ह**
अर्घाखाँची, १६ चैत

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने गरी महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्न जरुरी रहेको बताएका छन्। लुम्बिनी प्रदेशस्तरीय महिला जनप्रतिनिधिहरूको अन्तरसंवाद कार्यक्रमलाई भैरहवामा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले महिलाहरूलाई समानुपातिक भन्दा पनि प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत प्रतिस्पर्धा गरेर अघि बढ्ने वातावरण बनाउन आवश्यक रहेको धारणा व्यक्त गरे। सिद्धार्थनगरपालिकाको आयोजनामा ‘नेतृत्वमा महिलाको सहभागिता, न्याय र दिगो विकासको आधारशिला’ भन्ने मान्यताका आधारमा अन्तरसंवाद गरिएको थियो।



त्यसअवसरमा मुख्यमन्त्री आचार्यले मानवीय विकासका लागि तीन तहका सरकारले विशेष ध्यान दिनुपर्ने बताए। ‘तथ्यांकका हिसाबले हेर्ने हो भने मातृ मृत्युदर, बाल मृत्युदर अन्य प्रदेशको तुलनामा उच्च छ। कुपोषण पनि बढ्दो छ। यी समस्या समाधान गर्न तीन तहका सरकारले विशेष ध्यान दिनुपर्ने छ। सीमान्तकृत समुदायमा जनचेतनाको अभिवृद्धिका लागि विशेष जोड दिनुपर्छ। जसरी हामीले जनचेतना अभियान चलाउनुपर्ने हो, त्यो चलाउन सकेनौँ कि एक पटक समीक्षा गर्न जरुरी छ,’उनले भने।

उनले थपे, ‘प्रदेशमा कुपोषण अन्त्यका लागि पोषण विशेष कार्यक्रम थालेका छौँ। पौष्टिक आहारका कार्यक्रम अघि बढाएका छौँ। तर, यतिले मात्र पुग्दैन। जबसम्म लक्षित वर्गसम्म जनचेतनाको कार्यक्रम पुर्‍याउन सक्दैनौँ, समस्याको समाधान सम्भव छैन। यसमा सबै पक्षले ध्यान दिन जरुरी छ।’

उनका अनुसार भौतिक पूर्वाधारको विकास जतिसुकै गरे पनि चेतनाको विकास नभएसम्म त्यसको अर्थ हुँदैन। लुम्बिनी प्रदेशमा तीन तहका जनप्रतिनिधिहरूलाई एकै थलोमा भेला गराएर प्रदेशको समृद्धिमा योगदान पुर्‍याइएको उनले बताए। काम गर्ने क्रममा देखा परेका समस्याहरूलाई सहकार्यबाट समाधान गर्न सकिने उल्लेख गर्दै कानुनी जटिलता फुकाउन प्रदेश सरकारले ध्यान दिने पनि मुख्यमन्त्री आचार्यले बताए।

# ‘राजतन्त्रको पुनर्जीवन असम्भव’

**सत्यराज सिंह /मध्यान्ह**
बझाङ, १६ चैत

नेकपा एमालेका केन्द्रीय सदस्य ऐन महरले नेपालको राजतन्त्रको पुनःस्थापनालाई असम्भव र अनुपयुक्त भएको बताएका छन्। उनले राजतन्त्रको अस्तित्वलाई ‘आर्यघाटमा दाहसंस्कार गरिसकेको’ भन्दै वर्तमान गणतन्त्रको विकल्पको रूपमा उन्नत र परिस्कृत गणतन्त्रको आवश्यकता रहेको बताए।

सामाजिक संजालमा उनले भनेका छन्, ‘हाम्रो पुस्ताले राजतन्त्रको शासकीय कष्ट र पीडा भोगेको छ। जनताको अधिकार कुण्ठित गरेर तिनलाई रैति बनाइएको थियो। हामी, एक्काइसौं



शताब्दीका सचेत नागरिक भएको नाताले राजतन्त्रकोविरुद्ध लडिरहेका छौं। अब समय आएको छ कि हामी गणतन्त्रको उन्नति र परिस्कृत गर्न जुटौं।’

उनले हिजोको तीनकुनेको घटनामा पूर्वराजा ज्ञानेन्द्र शाहको मुख्य दोष रहेको उल्लेख गर्दै पूर्व राजा ज्ञानेन्द्र शाहलाई सम्पूर्ण सेवासुविधा खोसेर गिरफ्तार गर्नुपर्ने बताएका छन्। महरले राजतन्त्रको पुनर्निर्माणले देशमा हिंसा, लुटपाट र जनताको अधिकार हननको स्थितिलाई निम्त्याएर जनतालाई फेरि अन्धकारमा फसाउने षड्यन्त्र भएको उल्लेख गरेका छन्।

साथै, महरले अहिलेको युवापुस्ताले राजतन्त्रको कष्ट र दमनको अनुभव नगरेको भएपनि उनीहरूले समाजमा हुल्लडबाज र भ्रममा परेको तत्वहरूको प्रभावबाट आफूलाई जोगाउन आग्रह गरेका छन्। राजतन्त्र पुनः फर्किन्छ भने देशमा विकास र समृद्धिको सम्भावना समाप्त हुने उनको भनाइ छ।

# त्रिवि केन्द्रीय क्याम्पसमा स्ववियु निर्वाचन सोमबार

**काठमाडौं /मस–** त्रिभुवन विश्वविद्यालय क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियुन (स्ववियु) निर्वाचनको नयाँ मिति तय भएको छ। निर्वाचन १८ गते बिहान ८ बजेदेखि ४ बजेसम्मलाई तोकिएको विश्वविद्यालय क्याम्पसले एक सूचना जारी गर्दै जानकारी दिएको हो। यसअघि चैत ८ गते स्ववियु निर्वाचनको मिति तोकिए पनि उच्च अदालतमा मुद्दा दायर भएको थियो। मतदान शिक्षाशास्त्र केन्द्रीय विभागमा हुने सूचनामा जनाइएको छ।

**घर बिक्रिमा**

जलविनायक, चोभार स्थित ५.५ आनामा बनेको ३५० र ५.७५ आनामा बनेको ३६५ साढे २ तल्ले घर बिक्रीमा

सिधा सम्पर्क
९८४१५५०६२८

# सञ्चारकर्मी र सञ्चारगृहमाथिको आक्रमणबारे अध्ययन गर्न समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

पूर्वराजा समर्थकहरूको हिंसात्मक आन्दोलनमा परी मृत्यु भएका पत्रकार तथा सञ्चारकर्मी सुरेश रजकप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ।

नेपाल पत्रकार महासंघको अगुवाइमा पत्रकार रजकको मृत्युको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कडा कारबाहीको माग गर्दै शनिबार बिहान माइतीघरमा विरोध प्रदर्शन गरिएको हो।

शुक्रबार पूर्वराजा समर्थकहरूको समूहले गरेको आन्दोलनको भिडिओ खिच्ने क्रममा एभिन्युज टेलिभिजनका क्यामेरापर्सन रजकको शव जलेको अवस्थामा भेटिएको थियो। पत्रकार महासंघका कार्यबाहक अध्यक्ष दीपक आचार्यले पत्रकारको जिउधनको सुरक्षाका लागि सम्पूर्ण



पत्रकारहरू एकताबद्ध भएर लाग्नुपर्नेमा जोड दिए। उनले मृतक पत्रकार रजकलाई न्याय दिलाउन महासंघ निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे।

विरोध प्रदर्शनमा पत्रकार महासंघका पूर्वअध्यक्षहरू तारानाथ दाहाल, धर्मेन्द्र झा, शिव गाउँलेलगायतको उपस्थिती रहेको थियो। विरोधका कार्यक्रममा प्रेस युनियन, प्रेस चौतारी, प्रेस सेन्टर नेपालका नेताहरूले पत्रकार रजकलाई न्याय दिन र उनका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरे।

बदलिएको परिस्थितिका कारण महासंघ स्थापना दिवसका अवसरमा गर्न लागिएका पूर्वनिर्धारित सम्पूर्ण कार्यक्रम स्थगित गरी प्रदर्शनमा उत्रिएको महासंघका केन्द्रीय कोषाध्यक्ष रामकृष्ण अधिकारीले जानकारी दिए। यसैबीच महासंघले तीनकुनेमा प्रदर्शनमा सञ्चारकर्मीको मृत्यु र सञ्चार गृहमाथि भएको आक्रमणको अध्ययन गर्न सात सदस्यीय समिति गठन गरेको छ।

महासंघको काठमाडौंमा बसेको उपलब्ध पदाधिकारी र केन्द्रीय सदस्यको बैठकले उपाध्यक्ष उमीद बागचन्दको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको हो। समितिमा महासंघका ७ जना सचिव सदस्य रहेका छन्। समितिमा सचिवहरु रमेश खतिवडा, प्रकाश धौलाकोटी, सोनी शर्मा, अशोक तिवारी, वैकुण्ठ पराजुली र सविन प्रियासन सदस्य रहेका महासंघले जनाएको छ। समितिले घटनाका पीडित, प्रत्यक्षदर्शी र पीडितका परिवारसँग छलफल गर्नेछ। समितिले घटना के, कसरी भयो ?, अब महासंघ कसरी अघि बढ्ने ? लगायत विषयमा सुझावसहितको प्रतिवेदन दिने जनाइएको छ।

## Nalgad municipality
## Office of the Executive municipal
### Dalli, Jajarkot

## Invitation for Sealed Quotation

**Name of the Office: Nalgad Municipality**
**Address of the Office: Dalli, Jajarkot**
**Date of Publication: 30-03-2025**

1. The Nalgad Municipality, Jajarkot invites sealed quotations from registered Suppliers for the procurement of the following projects.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Dalli, Jajarkot, 9758003501, ito.nalgaadmun@gmail.com.
   OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. Complete set of Bidding Documents may be purchased from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp upon payment of a non-refundable fee of NRs.1000.0 till 14-04-2025 12:00 during office hours.
4. Bidder must submit their bid electronically and download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank: NIC Asia Bank Ltd.
   ii. Name of Office: Nalgad Municipality, Jajarkot
   iii. Office Code no:
   iv. Office Account No :2352050029182002
   v. Rajaswa (revenue) Shirshak No:
5. Sealed bids must be submitted to the office Nalgad Municipality, Jajarkot Dalli, Jajarkot Jajarkot Khagenkot through e-GP system i.e www.bopatra.gov.np/egp on or before 14-04-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-04-2025 13:00 at the office of Nalgad Municipality, Dalli, Jajarkot
7. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[N5CA052239552402] at [NIC Asia Bank Ltd. Dalli jajarkot] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

| S.N | Name of Project | SQ No | Bid Security | Remarks |
|---|---|---|---|---|
| 1 | Procurement and supply of construction material for Gyanechaur kaprapani,pyaripakha khanepani nirman nalgad municipality 01 | SQ/NM/LISP/ GOODS/01/2081-82 | 35,000 | |
| 2 | Procurement and supply of construction material for Orkhayal sinchai yojana Nirman Nalgad municipality 06 | SQ/NM/LISP/ GOODS/06/2081-82 | 30,000 | |
| 3 | Procurement and supply of construction material for madane ranglaute patihalna chaur hudai gaunsamma sinchai yojanaNalgad municipality 06 | SQ/NM/LISP/ GOODS/066/2081-82 | 25,000 | |
| 4 | Procurement and supply of construction material for Bherikharka muhan bhai palta hudai baniyagaun khanepani Nalgad municipality 11 | SQ/NM/LISP/ GOODS/11/2081-82 | 35,000 | |
| 5 | Procurement and supply of construction material for Geukhola muhan bhai phamda khanepani nirman Nalgad mnicipality 13 | SQ/NM/LISP/ GOODS/13/2081-82 | 35,000 | |

मध्यान्ह
www.madhyanhadaily.com
१७ चैत २०८१ आइतबार
30 March 2025, Sunday

## सम्पादकीय

# हिंसात्मक शैली अस्वीकार्य

तीनकुने प्रदर्शन हिंसात्मक बनेपछि मुलुकको मुख्य एजेण्डा नै राजावादी गतिविधि बन्न पुगेको छ । विवादित ब्यापारी दुर्गा प्रसाईँ नेतृत्वमा १५ फागुनमा भएको प्रदर्शन हिंसात्मक बनेको थियो । प्रदर्शनका क्रममा टेलिभिजन पत्रकार सुरेश रजक र कीर्तिपुरका युवक सविन महर्जनको ज्यान गएको छ । थुप्रै घाइते भएका छन् । प्रदर्शनकारीले सवारी साधन, आमसञ्चार माध्यम, राजनीतिक दलका कार्यालय लगायतमा आगजानी गरेका छन् । भाटभटेनीमा लुटपाट भएको छ । स्थिति सामान्य बनाउन गृह प्रशासनले कफर्‍यू लगाउनु परेको थियो । सडकमा सेना उतारेर परिस्थिति सामान्य बनाइएको छ । यो हिंसात्मक कार्यको जिम्मा पूर्व राजा ज्ञानेन्द्र शाहले लिनुपर्ने दलहरूको निष्कर्ष छ । उनीहरूले अलगअलग बक्तव्य जारी गरेर पूर्वराजा ज्ञानेन्द्रको उक्साहटमा हिंसात्मक गतिविधि भएको उल्लेख गरेका छन् ।

पूर्वपञ्चहरूको राप्रपाले भने यो घटनामा पूर्वराजालाई जोड्ने प्रयास भएको भन्दै आपत्ति जनाएको छ । पार्टी बैठक राखेरै राप्रपाले पूर्वराजालाई राजनीतिक गतिविधिमा तान्न खोजिएको र त्यस्तो नगर्न आग्रह गरेको छ । यद्यपि राप्रपाले पनि उक्त प्रदर्शन हिंसात्मक बनेको स्वीकारेको छ । हिंसात्मक र अराजक प्रदर्शनमाथि निष्पक्ष छानबिन गर्न उच्च स्तरीय आयोग गठन गर्न राप्रपाले माग राखेको छ । राप्रपा सहित अरू दलहरूले पनि छानबीन समितिको माग राखिरहेका छन् । तर गणतन्त्र पक्षधर दलहरू र सरकार भने छानबीन आयोग गठन भन्दा पनि त्यो प्रदर्शनको नेतृत्व गर्नेमाथि कारबाही गर्नेतिर लागेका छन् । दुर्गा प्रसाईँ फरार भएपनि राप्रपाका बरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र धवल शमशेर राणा पक्राउ परेका छन् । आन्दोलन गर्न भनेर गठित समितिका संयोजक नवराज सुवेदीलाई नजरवन्दमा राखिएको छ । अरू थुप्रै पक्राउ परेका छन् ।

घटनाक्रमले यो प्रदर्शनलाई नियन्त्रणमा लिने सरकारको नियत देखिन्छ । प्रदर्शनकै क्रममा पनि प्रहरी नियन्त्रण भन्दा बाहिरको परिस्थिति देखिनुलाई राप्रपा सहित शक्तिले शंका गरेका छन् । कुनै पनि शक्ति र आवाजलाई निषेध गर्नतिर सरकार लागेको हो भने त्यो गलत हो । वर्तमान व्यवस्था र संविधानले हरेक नागरिकलाई आफ्नो कुरा राख्न पाउने अधिकार दिएको छ । संवैधानिक अधिकार अनुसार राजतन्त्रकै पक्षमा जनमत निर्माण गर्न पनि छुट छ । तर नागरिकको आवाज राख्ने विधि शान्तिपूर्ण र लोकतान्त्रिक हुनुपर्छ । तीनकुनेमा जस्तो गतिविधि भए, त्यो शान्तिपूर्ण नभएर हिंसात्मक छ । दुर्गा प्रसाईंकै अभिव्यक्ति पनि हिंसा भड्काउने प्रकृतिकै छन् । हिंसालाई साथ दिन मिल्दैन । जिम्मेवार निकायले यसतर्फ ध्यान दिन जरूरी छ ।

## सामाजिक सञ्जाल


**भीम अधिकारी**

खतराको घन्टी बज्दै छ, व्यवस्थाविरुद्धको मजाक सम्भिmनुभएको छ । ४ हजार सामाजिक संजालमा लगाइएको गणतन्त्रको नाराले रोक्न नसक्ने अवस्था आउन सक्छ । सरकारले ज्ञानेन्द्र शाहलाई छुने कोसिस र प्रतिवाद गर्न खोजे झनै उग्र हुन सक्छ । त्यसैले, सरकारले सर्प मर्ने, लाठी नभाँचिनेगरी काम गरोस् ।


**किशोर नेपाल**

कुलमान काण्डले वर्तमान सरकारको प्रवृत्ति उजागर गरेको छ । यस्तो सरकार र राज्यलाई 'स्टेसनरी स्टेट', अर्थात् समयको पदचाप बुझ्न नसक्ने राज्य भनिन्छ । सरल नेपाली भाषामा भन्ने हो भने 'काइते' अर्थात् जनतालाई अनेक अल्झोमा अल्झाएर मजा लिने सरकार अर्थात् स्टेसनरी स्टेट ।


**विश्वदीप पाण्डे**

कुलमानको रिट सर्वोच्चमा दर्ता भइसक्यो तर संसद् चल्न दिइएन ! रविको पासपोर्टबारे प्रश्न गर्दा अदालतमा रहेको विषयमा बोल्न मिल्दैन भनेर पन्छिन्छन् ! कुलमानको पनि मुद्दा अदालत पुग्यो, अब त्यो विषयमा संसद् अवरुद्ध गर्नचाहिँ पाइने हो ? राजनीतिमा व्याख्या पनि गज्जब हुने है !


**निर्मल प्रसाईं**

प्रमुख प्रशासकीय अधिकृत नपठाउने, सफाइकर्मीको तलब रोक्ने, हुँदाहुँदै भवनको नक्सा पास नगरिदिने । त्यसैले, यो संघीयता फेल भइसक्यो, टुकुचामा गाड्नुपर्ने असफल संघीयतालाई हो । अधिकार विकेन्द्रीकरण नभएपछि केको संघीयता ?



# सुशासनको डिग्री कमजोर हुँदा जनतामा असन्तुष्टि बढ्यो

मुलुकको राजनीतिक व्यवस्था फेरिएसँगै नागरिकको अवस्थामा सुधार आउन नसकेको जनगुनासो भइरहँदा राजनीतिक दलहरूले भने देश र जनताको अवस्थामा परिवर्तन आएको दाबी गर्दै आएका छन् । यद्यपि, पछिल्ला राजनीतिक घटनाक्रमले यो व्यवस्थामाथि चुनौती थपेको बताइँदै आएको छ । पुराना राजनीतिक दलहरू नसच्चिएका खण्डमा उनीहरूमाथि ठूलै विपद् आउन सक्ने आँकलन छ । देशको राजनीतिक, आर्थिक, सामाजिक अवस्थामा सकारात्मक सन्देश दिनका लागि राजनीतिक दलहरूमा परिवर्तन अनिवार्य भएको महसुस गरिएको छ । पूर्वराजावादीसहितको पछिल्ला आन्दोलन र नागरिकका असन्तुष्टिले दलहरूको कार्यशैली परिवर्तन हुनुपर्ने सन्देश दिइसकेको छ । तर, उनीहरू अझै किन सच्चिन सकेका छैनन् ? सुशासनको पक्ष सधैं किन दयनीय अवस्थामै छ ? राजावादीहरूको चलखेल र समाजवादी मोर्चाको अवस्थालगायत विषयमा रहेर मध्यान्ह दैनिकका लागि नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष **जगन्नाथ खतिवडा**सँग **जीवन शर्मा**ले गरेको कुराकानीको सम्पादित अंश :

**■ जगन्नाथ खतिवडा**, उपाध्यक्ष, नेकपा एस

*सबैभन्दा चर्कोसँग घुसखोरी, माफियातन्त्रको संरक्षणका लागि सबै दलका शीर्ष नेताहरु लागेका, भ्रष्टाचारमा आरोप लागेको र भ्रष्टाचारीहरुलाई जोगाउनका निम्ति दुवै दलका नेताहरु संलग्न भएका कारण आक्रोश झन् बढेको हो*

**मुलुकको पछिल्लो राजनीतिक उतारचढावलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

आमराजनीतिप्रति जनआक्रोश व्यक्त भएको छ । सुशासनको मापन अत्यन्त कमजोर बन्नाले, सरकारले भ्रष्टलाई संरक्षण गर्न लाग्नाले, जनताको दैनिक जीवन कष्टकर बन्दै जानाले र लाखौं नेपालीहरू देशभित्र बस्ने वातावरण नहुँदा, उद्योगधन्दा र रोजगारीको विकास गर्ने कुनै नीति बनाउन नसक्दा नेपाली जनता राजनीतिक दलप्रति आक्रोशित छन् ।

भ्रष्टलाई संरक्षण गर्ने, सरकारमा गठबन्धन गर्ने निच प्रवृत्तिका कारण तीव्र आलोचना र असहमति छ । अर्कातिर राजनीतिक दलको कोणबाट हेर्दा राष्ट्रलाई समृद्ध बनाउनका निम्ति राष्ट्रिय एजेन्डाहरूमा एकरूपता नहुने, एउटा आउँछ अर्को जान्छ, राजनीतिक अस्थिरता बढेको बढ्यै जाने अवस्था छ ।

संविधानको चेतनाले र भावनाले नेपालको परिवर्तन र जनताका आकांक्षालाई समेटेर गणतन्त्रको भावनालाई संबोधन गर्न राजनीतिक दलहरूले मिहिनेत नगर्नेजस्ता कुराले आक्रोशको डिग्री बढेको देखिन्छ । 'सरकार ! तिमीले राम्रो काम गरेनौ' भनेर हामी बोलीरहेका छौं । तर, सरकारमा बस्नेहरू सधैं जनताका कामप्रति उदासीन हुने र आफ्नो स्वार्थप्रति लालायित हुने गरेका देखिन्छ ।

यही मौकालाई छोपेर पुरातनवादी, प्रतिक्रियावादीहरू राजतन्त्र ल्याउन सकिन्छ कि भनेर कोसिस गर्ने र मुलुकलाई मुठभेडतर्फ लैजानका लागि बल गर्दै छन् । अर्कातिर, हिन्दु अतिवादलाई प्रश्रय दिनका लागि विभिन्न शक्तिहरूले खेलिरहेका अवस्था छ । नेपाललाई हिन्दु अधिराज्य बनाउन कोसिस गरिरहेका जस्तो देखिन्छ ।

यसरी हेर्दा अविकासका कारण मुलुकको अस्तव्यस्तताले जनता त्रस्त छन् । भू-राजनीतिक परिस्थितितर्फ अमेरिकाको, चीनको, रुसको र भारतको शक्ति सन्तुलनको आजको अवस्था हेर्दा संसार निकै गम्भीरतातार्फ जाने छ र त्यसको असर नेपालमा पर्ने छ भन्न सकिन्छ ।

**मुलुकमा व्यवस्था फेरियो, नागरिकको अवस्था फेर्न सकिएन भनेर फेरि व्यवस्था उल्ट्याउने पक्षमा केही शक्तिहरू लागेका अवस्था छ । यो स्थितिको जिम्मेवारी तपाईंसहितका राजनीतिक दलहरुले लिनुपर्दैन ?**

जनताको अवस्थामा सुधार भएको छैन भन्न मिल्दैन । तर, अवस्थामा जुन मात्रामा सुधार हुनुपर्ने हो, त्यो हुन नसकेको ठीकै हो । आमजनताले पनि पहिला र अहिलेको व्यवस्था र अवस्थालाई तुलना गरेर हेर्नुपर्छ । भारतले के गऱ्यो, चीनले के गऱ्यो, छिमेकी देश भुटानले कसरी प्रगति गऱ्यो, बंगलादेशलगायतको प्रगतिलाई हेर्दा नेपालमा विकासका मानकहरू कमजोर बन्दै गएको, राष्ट्रको इज्जत प्रतिष्ठा कमजोर बन्दै गएको जस्तो देखिएकाले आमसअन्तुष्टि बढेको छ ।

तर, शिक्षामा स्वास्थ्यमा, प्रविधिमा, विज्ञानमा, पूर्वाधारमा भएको विकासलाई हेर्नुभयो भने पहिलाको भन्दा कमजोर भयो भन्ने प्रकारको भाष्य निर्माण गर्न खोजिँदै छ । त्यस्तो होइन । यद्यपि, तत्कालीन अवस्थामा सुशासनको डिग्री कमजोर भएपछि नै जनता असन्तुष्ट भए ।

भुटानी शरणार्थी काण्डमा, सुन काण्डमा, वाइडबढी विमान काण्डमा, गिरीबन्धु टी-स्टेट काण्डमा, विभिन्न नेता र मन्त्रीहरूले गरेको बदमासी र ठूला नेता जोडिएका भ्रष्टाचारलाई जोगाउने कुरामा जुन प्रकारको भूमिका सरकारले खेलिरहेको छ, त्यो भूमिकाबाट जनता आजित छन् । यसका लागि त हामी जिम्मेवार छैनौं ।

**यी जति पनि घटनाहरु छन्, त्यसबेला सरकारमा तपाईंहरु पनि हुनुहुन्थ्यो नि ! यसको जिम्मा तपाईंको दलले लिनु नपर्ने ?**

हामी जहिल्यै यो कुराको विपक्षमा छौं । मन्त्रिपरिषद्भित्र बस्दा होस् या बाहिर, दुवै ठाउँमा हाम्रो कुरा एकै प्रकारको छ । त्यस कारण हामीले अनेक पटक प्रश्न उठाएर प्रचण्ड प्रधानमन्त्री भएका बेला पनि ज्ञापनपत्र नै दिएर ध्यानाकर्षण गरेकै थियौं । आफ्नो क्षमताले भ्याएसम्म भ्रष्टाचारका विरुद्धमा सबैभन्दा पहिला सडकमा आउने पार्टी पनि हाम्रै हो ।

सरकारले पछिल्लो समयमा गरेका यी सबै कुरामा हाम्रो हिस्सेदारी छैन । सरकारमा बस्दा प्रभावकारी काम तपाईंका मन्त्रीहरूले गरे कि गरेनन् भन्ने कुरा आउन सक्छ ।

हामीले कति सुधार गर्न सक्यौं, मन्त्रीहरूले आफ्नो प्रोफाइल कस्तो बनाउनुभयो ? त्यो एउटा समीक्षाको विषय होला तर हामीले मुलुकका निम्ति र सुशासनका पक्षबाट हेर्दा बिगार्ने काम कुनै पनि गरेका छैनौं । यसमा हामीलाई कसैले दोष लगाएको पनि छैन ।

**यही भनेर यहाँहरुले आजको परिस्थितिको जिम्मा लिनुपर्दैन भन्नुभएको हो ?**

आजको स्थिति आउन त कांग्रेस-एमाले, केपी ओली र शेरबहादुर देउवाले जिम्मा लिनुपर्छ किनकि देशमा सबैभन्दा शक्तिशाली सरकार मैले बनाएँ, २ दलमा पर्याप्त बहुमत छ, भनेर उहाँहरूले संविधान संशोधनदेखि सुशासनका अनेकौं योजना लेखेर आउनुभएको थियो ।

तर, केही पनि गर्न नसकेपछि यही समयमा सबैभन्दा चर्कोसँग घुसखोरी, माफियातन्त्रको संरक्षणका लागि सबै दलका शीर्ष नेताहरू लागेका, भ्रष्टाचारमा आरोप लागेको र भ्रष्टाचारीहरूलाई जोगाउनका निम्ति दुवै दलका नेताहरू संलग्न भएका कारण आक्रोश झन् बढेको हो ।

त्यस कारण आजको अवस्थामा उहाँहरू मुख्य जिम्मेवार हुनुहुन्छ । जस्तै : कुलमानजीको प्रकरण हेर्दा सारा असन्तोष प्रकट भइरहेका बेला कुलमानलाई निष्कासन गरेर उहाँहरूले आन्दोलनकारीलाई ठाउँ दिइरहनुभएको छ ।

**सरकारले नियुक्त गरेको एउटा कर्मचारीलाई सरकारले हटायो भनेर तपाईंहरु एउटा कर्मचारीको पछि किन लाग्नुभएको ?**

त्यो सामान्य सिद्धान्तको कुरा हो । तर, सारमा कसले के गरेको थियो र कुन कारणले हटाइयो, हामीलाई राम्रोसँग थाहा छ । प्रधानमन्त्रीजी के सोच्दै हुनुहुन्छ, जलस्रोतमन्त्रीजी के सोच्दै हुनुहुन्छ ? कस्ताकस्ता माफियाको नेटवर्कमा उहाँहरू संलग्न भइरहनुभएको छ, कुन उद्देश्यका लागि यस्ता काम गर्नुभएको छ र के प्रचार गर्न खोजिरनुभएको छ ? भन्ने कुरा हामीलाई राम्ररी थाहा छ ।

> *अविकासका कारण मुलुकको अस्तव्यस्तताले जनता त्रस्त छन् । भू-राजनीतिक परिस्थितितर्फ अमेरिकाको, चीनको, रुसको र भारतको शक्ति सन्तुलनको आजको अवस्था हेर्दा संसार निकै गम्भीरतातार्फ जाने छ र त्यसको असर नेपालमा पर्ने छ भन्न सकिन्छ...*

न जनमतले त्यो कुरा मानेका छन्, न त अन्य राजनीतिक दलहरूले यो कुरा स्वीकार गरेका छन् । कानुनले मेरो कर्मचारी मैले बिदा गर्ने ठाउँ छ भन्दैमा मनपरीतन्त्र मच्चाउन र सर्वसत्तावादी ढंगले हिँड्न पाइँदैन ।

**कांग्रेस र तपाईंहरुसमेतको गठबन्धन सरकार हुँदा बनाइएको समाजवादी मोर्चालाई नेताको आवश्यकताअनुकूल सक्रिय बनाउने र नेता विशेषलाई सहज हुँदा निस्क्रिय राखेको आरोप लाग्ने गरेको छ नि ?**

समाजवादी मोर्चा एक समय सक्रिय भएर एक समय ओझेल पऱ्यो । प्रचण्डजी प्रधानमन्त्री भएका बेलामा ओझेल परेजस्तो देखिन्थ्यो । उहाँ प्रधानमन्त्रीबाट हट्दाखेरि सक्रिय भएजस्तो देखियो भनेर हामीलाई लगाएको आरोपलाई हामीले गलत मान्न मिल्दैन ।

एउटा शक्तिशाली घटक पछाडि पर्दा कमजोर हुनु र त्यो शक्तिशाली घटक अगाडि आउँदा अलि बलियो भएजस्तो देखिनु स्वाभाविक हो । तर, अब समाजवादी मोर्चाले राष्ट्रिय एजेन्डाहरूमा गम्भीरतापूर्वक काम गर्ने छ । निस्क्रिय बन्ने छैन भन्ने विश्वासका साथ हामीले यसलाई पुनः सक्रिय बनाउन लागिरहेका हौं ।

**यहाँहरुले यतिबेला मोर्चालाई सक्रिय बनाउनुभएको छ । मोर्चाको आगामी नीति कार्यक्रम के हो ?**

पहिला पार्टी बलियो बनाउने कुरामा हामी लागेका छौं । पार्टी बलियो बनाउनका लागि आन्दोलनका कार्यक्रमहरू घोषणा गरेका छौं । 'सुशासन र रोजगारी : समाजवादको तयारी' भन्ने नाराका साथ राष्ट्रियता सुशासन, रोजगारी, जनजीविकाका विषयलाई उठाएर सडकमा जाने तयारी भइरहेको छ ।

यही बेलामा राजावादीहरूको चलखेल र सरकारको अकर्मण्य दृष्टिकोण दुवै कुरालाई सँगै हेर्दा गणतन्त्र रक्षाका लागि केही कार्यक्रम हामीले गर्नुपर्छ, आमजनतालाई परिचालित गर्नुपर्छ भन्ने सोचेर हामीले कार्यक्रम गरेका हौं ।

समावजादी मोर्चाले गरेको कार्यक्रममा लाखौं मानिसहरू सडकमा उत्रिएर गणतन्त्रको पक्षमा आवाज उठाएका छन् । राजसंस्थावादीहरूले चालेको कदम कति हिंसात्मक र ध्वंशात्मक भएर गएको छ भनेर आमनागरिकले देखेका छन् । हाम्रो पार्टीले आमजनतालाई सचेत र जागरुक बनाउनका लागि गाउँगाउँमा जाने कार्यक्रम तय गरेको छ । समाजवादी मोर्चा पनि सरकारका रवैयाविरुद्ध खरो प्रस्तुत हुने कार्यक्रम बनाएर अघि बढ्ने छ ।

**मोर्चामा सहभागी दल जसपा नेपाल बाहिरिँदै गर्दा अरु दलहरुलाई पनि तपाईंहरुले जोड्न सक्नुभएन नि ?**

एउटा समय आउँछ । उहाँहरू फर्कनुहुन्छ । सबैलाई थप्छु भनेर थपिने कुरा पनि होइन । प्रत्येक राजनीतिक दलको आफ्नो दृष्टिकोण हुन्छ । यसमा आफूलाई समाजवादी हुँ भन्नेहरू कुनै न कुनै रूपमा आउने छन् । कोही राष्ट्रियताको एजेन्डामा, कोही सुशासनको एजेन्डामा मिल्लान्, कोही सरकारको एजेन्डामा मिल्लान् । कुनै न कुनै एजेन्डामा कुनै ढंगले हामीसँग सहकार्यमा आउने छन् । कतिपय नआउन सक्छन्, तिनलाई हामीले केही भन्न सक्दैनौं ।

**पूर्वराजाको ७ फागुनको वक्तव्यपछि गणतन्त्रवादीहरु बढी अत्तालिएका र यो विषयलाई अनावश्यक स्पेश दिएका कारण पनि राजावादीहरुको चलखेल बढ्यो भन्न किन नसक्ने ?**

पूर्वराजा ज्ञानेन्द्र र उनका समर्थकले लगभग अढाइ वर्ष मिहिनेत गरेका छन् । उनीहरूले त्याही ढंगले मिडिया परिचालन गरेका छन् । आफ्ना समर्थक जुटाउन लागेका छन् र त्यही ढंगले आफ्नो स्रोत परिचालन गर्ने योजना बनाएका छन् । हामी यो सबै कुरा देख्न सक्छौं । ७ फागुनको वक्तव्य त्यसै आएको छैन ।

सम्पूर्ण शक्ति लगाएर उनीहरूले २५ फागुनमा गरेको प्रदर्शन सबैभन्दा उच्चतम शक्ति प्रदर्शन हो । समाप्त गरिसकेकाहरूले सडक हाम्रो हो भनेर दाबी गरिरहँदा गणतन्त्रवादीहरूले सडक तिम्रो होइन भनेर भन्नका लागि हामीले प्रदर्शन गरेका हौं । यसपछि हाम्रो अर्को कुनै कार्यक्रम छैन ।

शुक्रबारकै प्रदर्शनले राजावादी हुँ भन्नेहरूलाई बलियो जबाफ दिइसकेको छ । २-४ हजारको भीड जम्मा गरेर कुटपिट, लुटपाट, हिंसा, आगजनी, तोडफोड गरेर चित्त बुझाएर बसेका छन् । मोर्चाको कार्यक्रममा लाखभन्दा बढी मानीसहरू भेला भएर गणतन्त्रको पक्षमा ऐक्यबद्धता प्रस्तुत गरेका छन् । गणतन्त्रवादीहरू आत्तिएका होइनन् ।

**पार्टीलाई कसरी जनतामाझ लैजाँदै हुनुहुन्छ ?**

अहिले देशव्यापी रूपमा पार्टीका प्रदेश, जिल्ला र गाउँ तथा वडा अधिवेशनहरू गर्ने क्रममा छौं । यो बर्खाभन्दा अगाडि नै देशभरका सबै तहका कमिटीहरू गठन, पुनर्गठन र नवीकरण गर्ने छौं । त्यसपछि हिउँददेखि हामी आक्रामक रूपमा राष्ट्रिय राजनीतिमा उदाउने छौं ।

अब जनजीविकाको प्रश्नलाई उठाएर जनसंघर्षका माध्यमबाट पार्टी कसरी निर्माण गर्न सकिन्छ भनेर लागेका छौं । नेकपा (एकीकृत समाजवादी) पार्टी आजको एउटा इमान्दार कम्युनिस्ट आन्दोलन गर्ने राजनीतिक शक्ति हो । यो पार्टीसँग कम्युनिस्ट आन्दोलनको मूलधार बन्ने क्षमता, व्यक्तित्व, इमान्दारी र निष्ठा छ ।

# कर्णालीको विकास बजेट सधैं निराशाजनक



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १६ चैत

कर्णाली प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट चालु आर्थिक वर्षको ८ महिनासम्म १५ प्रतिशत मात्रै खर्च गरेको छ । संघीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को अन्तिम चौमासिक बाँकी रहँदा पुँजीगत खर्च १५ प्रतिशत मात्रै बजेट खर्च भएको हो । चालू आर्थिक वर्ष सकिन अब ४ महिना मात्रै बाँकी छ। यो अवधिमा प्रदेश सरकारले विनियोजित बजेटको जम्मा २२ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । चालूतर्फ झण्डै ३३ प्रतिशत बजेट खर्च गर्दा प्रदेश सरकारले पुँजीगततर्फ भने १५.१९ प्रतिशत मात्रै बजेट खर्च गरेको छ।

प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि ३१ अर्ब ४१ करोड ४१ हजार बजेट ल्याएको छ। यो बजेटमध्ये १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार हजार रुपैयाँ पुँजीगततर्फको हो । पुँजीगततर्फ फागुन मसान्तसम्म सरकारले २ अर्ब ८५ करोड २५ लाख ४० हजार ८३७ रुपैयाँ मात्रै खर्च गरेको छ। सरकारको खातामा अझै १५ अर्ब ९० करोड २६ लाख २७ हजार १६३ रुपैयाँ पुँजीगत बजेट थन्किएको छ। गत वर्षको तुलनामा भने यस वर्ष बजेट खर्चमा झिनो सुधार आएको छ। यो गत वर्षको तुलनामा ३ प्रतिशतले बढेको हो। यद्यपि यस वर्षको बजेट पनि कम भएकाले खर्चमा पनि सुधार आएको धेरैको आँकलन छ।

**कुन महिनामा कति खर्च ?**

चालु आर्थिक वर्षमा कर्णाली सरकारले विनियोजन गरेको बजेटमा सबैभन्दा बढी फागुन महिनामा खर्च गरेको छ। सरकारले फागुन महिनामा ८३ करोड २ लाख ८६ हजार २ सय ९२ रुपैयाँ खर्च गरेको छ। यस्तै चालु आर्थिक वर्षको सुरुको साउनमा ३ लाख ५७ हजार ४ सय र भदौमा १२ करोड ८२ लाख ७१ हजार १ सय रुपैयाँ खर्च गरेको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

यस्तै असोजमा ६३ करोड २७ लाख ३० हजार ४ सय ६ कार्तिकमा १४ करोड १८ लाख ४४ हजार ० रुपैयाँ, मंसिरमा १४ करोड १० लाख ५१ हजार, पुसमा ६२ करोड ५१ लाख ६ हजार ३ सय ९० र माघमा ३५ करोड २ लाख ९४ हजार १ सय ५६ रुपैयाँ खर्च गरेको छ।

सबैभन्दा धेरै विकास बजेट भएको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले ८ महिनामा जम्मा १७ प्रतिशत मात्रै बजेट खर्च गर्न सकेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार १० अर्ब १७ करोड ८२ लाख २४ हजार रुपैयाँ विकास बजेट रहेको भौतिक पूर्वाधार मन्त्रालयले फागुन मसान्तसम्म १ अर्ब ७३ करोड एक लाख ६ हजार सात रुपैयाँ मात्रै खर्च गरेको छ। यही अवधिमा मन्त्रालयले चालूतर्फ भने ४४ प्रतिशत बजेट खर्च गरेको छ।

यस्तै जलस्रोत तथा ऊर्जा मन्त्रालयले यो अवधिमा पुँजीगततर्फ १४.४८ प्रतिशत बजेट खर्च गरेको छ। मन्त्रालयले यो अवधिमा ३७ करोड ७८ लाख ६१ हजार २२ रुपैयाँ मात्रै बजेट खर्च गर्न सकेको छ। ऊर्जासँग पुँजीगततर्फको दुई अर्ब ६० करोड ९० लाख ३ हजार रुपैयाँ बजेट छ । यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पुँजीगततर्फ .११ प्रतिशत मात्रै बजेट खर्च गरेको छ। उद्योगले नौ करोड चार लाख दुई हजार ३ सय ४ रुपैयाँ खर्च गरेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग पुँजीगततर्फ एक अर्ब ११ करोड ४९ लाख ६१ हजार बजेट छ। मन्त्रालयले चालूतर्फ भने ४४ प्रतिशत खर्च गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालू आर्थिक वर्षको आठ महिनामा ११.४४ प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार मन्त्रालयले आठ महिनाको अवधिमा पाँच करोड ६६ लाख ४८ हजार ७ सय ६६ रुपैयाँ खर्च गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग चालू आर्थिक वर्षका लागि पुँजीगततर्फ ४९ करोड ५१ लाख ५० हजार बजेट छ।

सामाजिक विकास मन्त्रालयले आठ महिनाको अवधिमा ५६ करोड ५१ लाख सात हजार ४ सय ३६ रुपैयाँ खर्च गरेको छ। यो जम्मा विकास बजेटको २०.७२ प्रतिशत हो। सामाजिकसँग दुई अर्ब ७२ करोड ७८ लाख ५३ हजार पुँजीगततर्फको बजेट छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आठ महिनामा एक करोड ५५ लाख छ हजार ११ रुपैयाँ खर्च गरेको छ। यो विकास बजेटको १७.५१ प्रतिशत खर्च हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग ६ करोड ५३ लाख आठ हजार पुँजीगततर्फको बजेट छ।

यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आठ महिनाको अवधिमा २१ लाख ७९ हजार ६ सय २२ रुपैयाँ खर्च गरेको छ। यो जम्मा विकास बजेटको ४.९४ प्रतिशत हो। आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग पुँजीगततर्फ ४ करोड ४१ लाख ४० हजार बजेट छ। यस्तै आर्थिक मामिला तथा योजना मन्त्रालयले आठ महिनाको अवधिमा ७३.३२ प्रतिशत पुँजीगत बजेट खर्च गरेको छ। एक करोड ३१ लाख ४९ हजार विकास बजेट मध्ये आर्थिक मामिला मन्त्रालयले ९६ लाख ४१ हजार दुई रुपैयाँ खर्च गरेको छ।

यस्तै प्रदेशसभाले आठ महिनाको अवधिमा ३८ लाख ३० हजार ४ सय २ रुपैयाँ खर्च गरेको छ। यो विकास बजेटको ४४.२८ प्रतिशत हो । प्रदेशसभालाई पुँजीगततर्फ चालू आर्थिक वर्षका लागि ८६ लाख ५० हजार रुपैयाँ छुट्याइएको छ । मुख्य न्यायाधीवक्ताको कार्यालयले चालू आर्थिक वर्षको आठ महिनामा चार लाख २० हजार ८ सय १२ रुपैयाँ खर्च गरेको छ। यो पुँजीगत खर्चको ८४ प्रतिशत हो । मख्य न्यायाधीवक्ताको कार्यालयसँग चालू आर्थिक वर्षका लागि पुँजीगततर्फ पाँच लाख रुपैयाँ बजेट छ । प्रदेश लोक सेवा आयोगको आठ महिनाको अवधिसम्म पुँजीगत खर्च शून्य छ । लोक सेवासँग पुँजीगततर्फ २० लाख रुपैयाँ छ।

# गौर भन्सारको राजस्व संकलनमा गिरावट

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ चैत

रौतहट सदरमुकाम गौर स्थित भन्सार कार्यालयमा लक्ष्यअनुसारको राजस्व संकलन हुन नसक्दा सरकारी आम्दानीमा गिरावट आएको छ । स्थानीय व्यवसायी र भन्सार अधिकारीहरूले यसको मुख्य कारण सदरमुकाम गौरमा क्वारेन्टाइन सुविधा नहुनु भएको बताएका छन् ।

नेपाल-भारत सीमामा रहेको गौर भन्सार नाका हुँदै दैनिक ठूलो परिमाणमा मालसामान आयात-निर्यात हुने गर्दछ। तर, स्वास्थ्य परीक्षण तथा अन्य जाँचका लागि आवश्यक क्वारेन्टाइन सुविधा नहुँदा व्यापारिक गतिविधिमा समस्या देखिएको हो ।

गौर भन्सार कार्यालयले चालू आर्थिक वर्षमा तोकिएको राजस्व संकलन लक्ष्य पूरा गर्न सकेको छैन । भन्सार स्रोतका अनुसार, विगतका वर्षहरूमा तुलनात्मक रूपमा राम्रो संकलन भए पनि अहिलेका महिनाहरूमा यो दर घट्दै गएको हो ।

भन्सार प्रमुखले भने, 'हामीले तोकिएको लक्ष्यअनुसार राजस्व संकलन गर्न प्रयास गरिरहेका छौं, तर क्वारेन्टाइन सुविधा नहुँदा व्यवसायीहरू अन्य नाकाहरू प्रयोग गर्न बाध्य भएका छन्। यसले गौर भन्सारमार्फत हुने वैध व्यापारमा गिरावट आएको छ।'

स्थानीय व्यापारीहरूले पनि सीमामा उचित क्वारेन्टाइन व्यवस्था नहुँदा वैध व्यापार प्रभावित भएको गुनासो गरेका छन् । स्थानीय व्यवसायी रमेश गुप्ताले भने,'हामी आयात-निर्यात गर्दा सामानको अनिवार्य परीक्षण तथा अन्य प्रक्रिया पूरा गर्नुपर्छ। तर, गौरमा आवश्यक क्वारेन्टाइन सुविधा नहुँदा हामीलाई झन्झट हुन्छ, जसले गर्दा वैकल्पिक नाका खोज्नुपरेको हो ।'

क्वारेन्टाइन सुविधा नहुँदा व्यापारीहरू वैध प्रक्रियाबाट सामान ल्याउन हतोत्साहित हुने र अवैध तरिकाबाट आयात-निर्यात बढ्न सक्ने जोखिम रहेको विज्ञहरूको भनाइ रहेको हो । भन्सार प्रशासनले सीमा क्षेत्रमा अनुगमन कडा पार्ने प्रयास गरे पनि आवश्यक पूर्वाधार अभावका कारण समस्या समाधान गर्न सकेको छैन।





## जानकारी

**मितिः २०८१।१२।१७**

यस स्वस्तिक बुक्स प्रा.लि. ले मिति २०७९।११।१४ गतेको चलानी नं. १०९५ को पत्रबाट सिर्जनशील नेपाली माला कक्षा-५ को पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिई २०८०, २०८१ र २०८२ मा छपाई तथा विक्रि वितरण गरिरहेकोमा पाठ्यक्रम विकास केन्द्रबाट मिति २०८१।१२।१४ गतेको चलानी नं. ००५ पत्रबाट सिर्जनशील नेपाली माला कक्षा-५ को स्वीकृति २ वर्षका लागि रद्ध भएकोले यस स्वस्तिक बुक्स प्रा.लि. बाट २०८२ का लागि विक्रि वितरण गरिएका सिर्जनशील नेपाली माला कक्षा-५ का सम्पुर्ण पुस्तकहरू हाम्रा डिलरहरूबाट विक्रि वितरण नगरि तुरून्त यस प्रकाशनमा फिर्ता पठाउनु हुन यसै सुचना मार्फत सुचित गरिन्छ ।

Swastik Books
For the wellbeing of Learners

**स्वस्तिक बुक्स प्रा. लि.**
कलंकी, काठमाण्डौ, नेपाल ।
फोन नं.: ०१-५९१०९६६
ईमेलः swastikbooksktm@gmail.com



## काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/१७**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७८/७९ मा उत्पादन भई तपसिलमा उल्लेखित घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम विक्रि गरनि वन पैदावार को विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण(क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | भगवती सा.व.उ.स आलिताल-३ | साल | १४ | २२२.१३ | मौरी |
| २ | खहरे सा.व.उ.स. आलिताल-३ | साल | ४२ | २७२.४५ | स्यालचौडी |



Government of Sudur Pashchim Province
**Ministry of Social Development**
**Province Health Logistic Management Center**
Dhangadhi, Kailali Nepal

**Invitation for Electronic Bid**

**Date of publication: 2081/12/17 (March 30, 2025)**

1. The Province Health Logistic Management Center Dhangadhi-05, Kailali invites electronic bids from eligible bidders for the following goods under Sealed Quotation (SQ) Single Stage Single Envelope Procedures specified in public procurement Act & Regulations as:

| SN | Description of Goods | IFB No. | Bid Security |
|---|---|---|---|
| 1 | Procurement of Philips Lumify Cable | PHLMCSP/G/SQ-01/081-082 | 60,000.00 |
| 2 | Procurement of Mindray Transducer Probe | PHLMCSP/G/SQ-02/080-081 | 22,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

**Acting Director**



## कतारमा रोजगार

कम्पनी: HBK REFERANS TRADING COMPANY WLL — शहर : Qatar, Doha
पूर्व स्वीकृत मितिः २०८१/१२/१४ — चलानी नं.: ६०२३५३०२ — L.T. No.: 321125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 69 | 0 | स. काममा दक्ष | 1100 | ४०,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २४ गते (6 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AJAMBARI H R SOLUTION PVT. LTD.**
श्रम इजाजत नं. ११५८/०७३/७४
टोखा-७, प्रयास नगर, काठमाडौ, नेपाल । फोन नं.: ०१-४९५०१८७, ५९०७६७३
Email Id.: info@ajambarihr.com, ajambarihr@gmail.com



## युएईमा रोजगार

कम्पनी : DAWAR AL YARMOOK BLDG. CLEANING SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/११/१४ — चलानी नं.: ६०२३५३४९ — L.T. No.: 321192

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen-welder | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | scaffolder | 3 | 0 | | 1200 | ४४,५८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८१ चैत २४ गते (6 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAMPADA HR OVERSEAS PVT.LTD.**
Regd. No. 1738 081/82
Bhimsengola, Kathmandu Nepal, Phone: 01-4502100, 9801070741 | 9851070741



## UAE मा रोजगार

कम्पनी: AL AMAN MIDDLE EAST CATERING SERVICES LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५३८७ — L.T. No.:321349

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cooks General | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Butcher | 3 | 0 | | 1200 | ४४७४८ | | | | | | |
| 3. | Chappathi Maker | 10 | 0 | | 1200 | ४४७४८ | | | | | | |
| 4. | Cook Workers | 2 | 0 | | 1500 | ५५९३५ | | | | | | |
| 5. | General Cleaning Worker | 15 | 0 | | 800 | २९८३२ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८१ चैत २३ गते (5 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CROWN OVERSEAS CONSULTANCY PVT. LTD.**
Gov. License No.: 225/058/059
Chhetra Bikram Marga, Kathmandu I Ph.: 01-4002596,4002680/65
Email: pradhancrown@gmail.com



## युएईमा रोजगार

कम्पनी: MADURAI CARPENTRY & FLOORING CONTRACTING L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५३५५ — L.T. No.: 320975

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Labour | 10 | 0 | | 1200 | ४४,७४८ | | | | | | |
| 3. | Scafolder | 10 | 0 | | 1200 | ४४,७४८ | | | | | | |

कम्पनी: WORLD STAR MANPOWER SOLUTIONS — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/०४ — चलानी नं.: ६०२२५६३७ — L.T. No.: 311147 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Plasterer | 21 | 0 | | 1200 | ४४,७४८ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २४ गते (6 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com



## साउदीमा रोजगार

कम्पनी: Company AL-SAHEB AL-THALATHA Commercial — शहर : Dammam
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५३९३ — L.T. No.: 321340

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २४ गते (6 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**CHERISH OVERSEASE PVT. LTD.**
Gov. Lic No. 1304/074/075
Samakhusi Town Planning, Kathmandu,Tel: 01-4980414, 4963776
Email : info@cherishovs.com, Website : www.cherishovs.com



## साउदीमा रोजगार

कम्पनी: MOHAMMED KHALED BIN ALI AL AJMI GENERAL CONTRACTING ESTABLISHMENT. शहर: AL HOFUF
पूर्व स्वीकृत मितिः २०८१/१२/१५ — चलानी नं.: ६०२३५३६१ — L.T. No.:321325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Trucks Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६५,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत २४ गते (6 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५५८/०६२/०६३
सुकेधारा-४, काठमाडौं, नेपाल, फोनः ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np



## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

### विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८१/१२/१७)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८१/११/१३ गतेको प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिकाका वडा नं ७ मा सडक निर्माण कार्यको विद्युतीय बोलपत्रमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०८१/१२/१५ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागी विद्युतिय बोलपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका विद्युतिय बोलपत्रहरुमध्ये तपसिल बमोजिमको विद्युतिय बोलपत्रदाताको विद्युतिय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत) |
|---|---|---|---|---|
| 1. | 08/BHO/TRM/ROAD/081/82 | Gogane Khola Motarable Bridge, Batase Salleni, Temkemaiyung Rural Municipality, Ward no. 03 | अरुण भ्याल्ली इन्जिनियरिङ्ग कन्सल्ट एण्ड बिल्डर्स, भोजपुर न.पा., वडा नं ०६ | 37,10,283.02 |

**प्रमुख प्रशासकीय अधिकृत**



## हरिपुर नगरपालिका
## Haripur Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
हरिपुर, सर्लाही, मधेश प्रदेश, नेपाल
Haripur, Sarlahi Madhesh Province, Nepal

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१२/१६**

प्रस्तुत विषयमा यस नगरपालिकाबाट मध्यान्ह राष्ट्रिय दैनिक २०८१/११/०४ गते प्रकाशित सूचना अनुसार देहायको कार्यको लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये न्यूनतम सारभूत रूपमा प्रभावग्रही भएको तपशिलको बोलपत्रहरु स्वीकृतीका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ दिन अवधिको यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्का नम्बर | सारभूत रूपमा प्रभावग्रही भएको बोलपत्रदाताको नाम | कवोल अंक मू.अ.कर, प्रो भिजनल सम सहित | कामको विवरण |
|---|---|---|---|---|
| १ | NCB-०२/२०८१/०८२ | श्री लक्ष्मी नारायण महादेव निर्माण सेवा, हाल हरिपुर-७, सर्लाही | २९,८२,८७२।६६ | जिल्ला सर्लाही हरिपुर न.पा.वडा नं ७ चिताइन हनुमान मन्दिर देखि असनमा जाने मुख्य बाटो स्तरोन्नती |

**प्रमुख प्रशासकीय अधिकृत**

# चलचित्र प्रवर्द्धनका लागि १५ संस्थासँग सम्झौता



**काठमाडौं/मस-** नेपाली चलचित्र उद्योगलाई थप समावेशी बनाउने उद्देश्यले चलचित्र विकास बोर्डले आदिवासी, जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिमार्फत विभिन्न जातीय सङ्घसंस्थासँग सहकार्य गरेको छ। बोर्डले मातृभाषी चलचित्र प्रवर्द्धनका लागि विभिन्न १५ वटा संघसंस्थासँग रु ३४ लाख ५० हजार बराबरको सम्झौता गरेको हो। सम्झौता कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, बोर्डका पदाधिकारी, आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिका संयोजक सुनील मानन्धर, आदिवासी जनजाति चलचित्र महासङ्घका प्रतिनिधिहरू र विभिन्न जातीय संघसंस्थाका पदाधिकारीको उपस्थिति थियो ।

यस कार्यक्रमअन्तर्गत १५ संघसंस्थासँग सहकार्य गर्ने सहमतिसहित ३४ लाख ५० हजार रुपैयाँ बजेट स्वीकृत गरी सम्झौता गरिएको बोर्डले जनाएको छ । आदिवासी जनजाति चलचित्र महासंघ, थारु चलचित्र तथा सांस्कृतिक संघ, तामाङ चलचित्र संघ, मगर चलचित्रकर्मी संघ, राजवंशी चलचित्र समाज समिति, सुनुवार कलाकार तथा चलचित्रकर्मी संघ, धिमाल चलचित्रकर्मी संघ, माझी चलचित्रकर्मी संघ, गुरुङ फिल्म एसोसिएशन नेपाल, भुजेल चलचित्रकर्मी संघ, किरात राई चलचित्रकर्मी संघ, याक्थुङ्ग मुन्चइत चोक सयङ, थामी चलचित्र संघ, नेवाः फिल्म सोसाइटी र शेर्पा चलचित्र संघलाई प्रवर्द्धनको जिम्मेवारीसहित विभिन्न शीर्षकमा बोर्डले सम्झौता गरेको हो । सम्झौतापछि मातृभाषा चलचित्रकर्मीहरूलाई प्रोत्साहन गर्नुका साथै मातृभाषाका चलचित्र प्रवर्द्धनले कला, संस्कृतिको संरक्षण गरेको मातृभाषी चलचित्रकर्मीहरूले बताएका छन् । बोर्डका अध्यक्ष डिसीका अनुसार यो कार्यक्रमले नेपाली चलचित्र उद्योगमा विविधताको प्रवर्द्धन गर्नेछ ।


Sudurpaschim Province Government
Ministry of Physical Infrastructure Development
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
Baitadi

**Invitation for Bids**

Date of publication: 2081/12/17

1. Infrastructure Development Office, Baitadi has received fund from ministry and invites following e- Bids from all eligible Nepalese Bidders with detail as follows.

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) With VAT and PS | Bid Security amount | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDOBTD/NCB/ W/R/081-82/56 | Construction and Upgrading of Chamtadi –Jaadabagar- Sera- Jhulaghat Sadak Baitadi. | 2412850.10 | 65000.00 | 3,000.00 |
| 2 | IDOBTD/NCB/ W/R/081-82/57 | Upgrading & improvement of Motipur Bijaypur Surnaya Purchaudi Sadak, Upgrading & improvement of Surnaya Ga.Pa. ward no.2 Sinkelek -Sainikhola -Hunaikhani Sadak Sudhar and Upgrading & improvement of Sinkelek- Hudai -Satbangh- Shreebhabar sadak jodane road surnaya ga.pa. Baitadi | 10571869.97 | 286000.00 | 3,000.00 |
| 3 | IDOBTD/NCB/ W/R/081-82/58 | Upgrading & improvement of Badugaun- Hat Khadikhet-Sadak Kalopatre Pu.Na.Pa. Baitadi | 2650415.02 | 72000.00 | 3,000.00 |
| 4 | IDOBTD/NCB/ W/R/081-82/59 | Upgrading & improvement of Suilek- Dhaulkanda Road Purchaudi Nagarpalika Ward No. 4 Baitadi | 2399421.27 | 65000.00 | 3000.00 |
| 5 | IDOBTD/NCB/ W/R/081-82/60 | Maintanance of Karkalle -Marma Sadak at Pansera section. | 2395546.65 | 65000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO **website www.bolpatra.gov.np.**

**Office chief**



**छार्का ताङसोङ गाउँपालिका**

ཚྭ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།

**Chharka Tangsong Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**Letter of Intent (LOI)**

**Date of Publication: 2081/12/17(30th March 2025)**

This is to notify as per public procurement act 2063 section 27 (2) to all concerned bidders who had submitted their bids, invited under tender notice IFB Numbers mentioned below published on 28 February, 2025 in "Rajdhani daily" that the "Letter of Intent" has been issued in favour of following bidder having substantially responsive and lowest evaluated bid price.

| Work description/ Contract Identification No. | Bidder's Name & Address | Bid Price (Including VAT and PS) |
|---|---|---|
| Lungbu Khola river training and truss bridge construction, CTS RM -4 Kagkot, Dolpa (CTSRM/DOLPA/NCB/WORKS/05/2081/082) | Samasidda Nirman Sewa Pvt. Ltd. Rukum west | 74,46,722.36 |
| Chyamar to Chharung Road upgrading project, CTS RM, 1& 2, Dolpa. (CTSRM/DOLPA/NCB/WORKS/06/2081/082) | Putha Himal Construction, Dolpa | 94,75,627.00 |

**Chief Administrative Officer**



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८१/१२/१७**

यस वित्तिय संस्थाका विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानि दिनेहरुको विवरण |
|---|---|
| 1) **ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ वमोजिम प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय वाग्मती प्रदेश भरतपुर चितवनमा मिति २०७३/०४/३२ मा प्रा.फ.र.नं. २२७/०७३/०७४ बाट दर्ता भई स्थाई लेखा नं. ६०४९९१४५४ भएको : चितवन जिल्ला भरतपरु म.न.पा. वडा नं. ०२, क्षेत्रपुर स्थित रजिष्टर्ड कार्यालय रहेको<br>**श्री भोले बाबा मिल स्टोर्स ।**<br>**(प्रोप्राइटर : झलक कुमार हरिजन)**<br>**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा** | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : झलक कुमार हरिजन**<br>बाबु : शिवलाल हरिजन<br>बाजे : भोटे हरिजन<br>ना.प्र.नं. : ९८१/०४४<br>जारी मिति : २०५३/०५/०४, जि.प्र.का :चितवन<br>ठेगाना : चितवन जिल्ला पार्वतीपुर गा.वि.स.वडा नं. ०८<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा.वडा नं. २१ पहरीलोटार, पार्वतीपुर । |
| **व्यक्तिगत जमानिकर्ता : कुमार क्षेत्री**<br>बाबु : निर वहादुर पण्ति क्षेत्री<br>वाजे : प्रेम वहादुर पण्ति क्षेत्री<br>ना.प्र.नं. : २४११६<br>जारी मिति : २०४६/०५/१९, जि.प्र.का : नुवाकोट<br>ठेगाना : नुवाकोट जिल्ला विदुर न.पा वडा नं. ०९<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा.वडा नं. २ क्षेत्रपुर | **व्यक्तिगत जमानिकर्ता : कल्पना हरिजन**<br>बाबु : धन वहादुर सार्की<br>पति : झलक कुमार हरिजन<br>ना.प्र.नं. : ३५३०४४/१०६<br>जारी मिति : २०६३/११/१८, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला पार्वतीपुर गा.वि.स.वडा नं. ०८<br>हाल : चितवन जिल्ला भरतपुर मा.न.पा. वडा नं. २१ पहरीलोटार, पार्वतीपुर |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>श्री भोले बाबा मिल स्टोर्सको नाममा मा.पो.का., चनौली, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पार्वतीपुर गा.वि.स./न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कि.नं. ५१४ र ७०८ को क्षेत्रफल क्रमशः ०-४-०-० (१३५४.५२ ब.मी.), ०-४-०-० (१३५४.५२ ब.मी) को घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | |
| **२) ऋणीको नाम : अजय कुमार देब अमन**<br>बाबु : नारायणलाल देव<br>बाजे : जयकृष्ण लाल देव<br>ना.प्र.नं. : ४००६/बा<br>जारी मिति : २०६३/०३/२५, जि.प्र.का. सप्तरी ।<br>ठेगाना : सप्तरी जिल्ला, बोरिया गा.वि.स.वडा नं. ०३, को परिवर्तित बिस्णुपुर गा.पा.वडा नं. ५ ।<br>हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं. ०४ । | **व्यक्तिगत जमानिकर्ता : प्रदीपा पुडासैनी**<br>बाबु : रत्न प्रसाद पुडासैनी<br>पति : अजय कुमार देब अमन<br>ना.प्र.नं. : ४४१०४०/१३३<br>जारी मिति : २०६५/०४/२६, जि.प्र.का. गोरखा ।<br>ठेगाना : गोरखा जिल्ला, तान्द्राङ गा.वि.स.वडा नं. ०१, को परिवर्तित भिमसेनथापा गा.पा.वडा नं. ३ ।<br>हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं. ०४ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>धनी मञ्जुश्री फाईनान्स लिमिटेड ऋणी (अजय कुमार देव अमन) को नाममा दर्ता कायम रहेको ALAC (भारत) कम्पनी, मोडेल नं. BAXY इन्जिन नं. AOK1434581 च्यासिस नं. MCS3E8C2SNAA33508 दर्ता नं. प्र. १-०२-००२ स ३७०३ । | |
| **३) ऋणीको नाम : गणेश कु. कामत**<br>बाबु : सगुन लाल कामत<br>बाजे : नन्देश्वर कामत<br>ना.प्र.नं. : ५९३१३<br>जारी मिति : २०५८/०४/०४, जि.प्र.का. मोरङ ।<br>ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा/गा.वि.स. वडा नं. ०७ ।<br>हाल : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ०६ । | **व्यक्तिगत जमानिकर्ता : कान्ती देवी कामत**<br>बाबु : फुलचन कामत<br>पति : गणेश कुमार कामत<br>ना.प्र.नं. : ११४३४<br>जारी मिति : २०६५/१२/१४, जि.प्र.का. मोरङ्ग ।<br>ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा/गा.वि.स. वडा नं. ०७ ।<br>हाल : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा नं. ०६ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>धनी मञ्जुश्री फाईनान्स लिमिटेड ऋणी (गणेश कुमार कामत) को नाममा दर्ता कायम रहेको मोडेल नं. BAXY इन्जिन नं. AOK1428293 च्यासिस नं. MCS3E8C25NAB34107 दर्ता नं. प्रदेश १०२-००२ स ४२५१ । | |
| **४) ऋणीको नाम : पिन्टु मेहता**<br>बाबु : वासुदेव मेहता<br>बाजे : झपड मेहता<br>ना.प्र.नं : ०६-०१-७०-०९३२६<br>जारी मिति : २०७०/०९/१७, जि.प्र.का. सुनसरी ।<br>ठेगाना : सुनसरी जिल्ला, अमडुवा गा.वि.स.वडा नं. ०३, को परिवर्तित सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०४ । | **व्यक्तिगत जमानिकर्ता : अनिता कुमारी मेहता**<br>बाबु : नेती महतो<br>पति : वासुदेव मेहता<br>ना.प्र.नं : ३७६४/४७६४<br>जारी मिति : २०५३/०४/१३, जि.प्र.का. सुनसरी ।<br>ठेगाना : सुनसरी जिल्ला, इनरुवा उ.म.न.पा/गा.वि.स. वडा नं. ०७, को परिवर्तित सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ०२ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**<br>धनी मञ्जुश्री फाईनान्स लिमिटेड ऋणी (पिन्टु मेहता) को नाममा दर्ता कायम रहेको TVS कम्पनी, मोडेल नं. KING GS DP इन्जिन नं. AK4KM4406498 च्यासिस नं. MD6M14PA3M4K06800 दर्ता नं. प्र १-०२-००३ ह ४३६३ । | |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।

३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।

४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८१/१२/२४ गते**



# क्रोएसियामा नेपाली दूतावास चाहिन्छ : साइमन लामा

युरोपेली मुलुक क्रोएशियामा नेपाली दूतावास नहुँदा नेपालीहरू ठूलो समस्यामा परेका छन् । क्रोएशियामा नेपाली दूतावास नहुँदा यहाँ रहेका करिब ६० हजार बढी नेपालीलाई गैरआवासीय नेपाली संघ क्रोएसियाका **अध्यक्ष साइमन लामा (सूर्यबहादुर थिङ)**ले अविभावकत्व प्रदान गरिरहेका छन् । आकर्षक कमाइ हुने सेन्जेन समूहको यो युरोपेली देशमा नेपालीको संख्या दिन प्रतिदिन बढिरहे पनि उनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्ने नेपाली नियोग वा दूतावास भने छैन । त्यसले नेपालीको बढ्दो संख्या र उनीहरूकाले भोग्ने समस्या समाधानका लागि एनआरएनएमाथि नै भरपर्ने देखिन्छ । नेपालीहरूको समस्या समाधानका लागि एनआरएनए क्रोएशियाका अध्यक्ष लामाले दूतावास वा कन्सुलर कार्यालय स्थापनाका लागि निरन्तर आवाज उठाइरहेका छन् । अहिले उनी प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री डा. आरजु राणाको त्यस विषयमा ध्यानाकर्षण गराउन छोटो समयका लागि काठमाडौं आएका छन् । सोही अवसर पारेर मध्यान्ह दैनिकका **रेशमराज पौडेल**ले अध्यक्ष लामासँग क्रोएशियामा नेपाली कूटनीतिक नियोगको आवश्यकता, नेपाली कामदारका समस्या र सम्भावनाका विषयमा गरेको कुराकानीको सम्पादित अंश प्रस्तुत छ -

■ **साइमन लामा**, अध्यक्ष, गैरआवासीय नेपाली संघ, क्रोएशिया

**क्रोएशियामा नेपाली कामदार र व्यवसायीहरुको संख्या बढ्दै गएको छ । तपाईंले त्यहाँ नेपाली दूतावासको माग गरिरहनुभएको छ । त्यसबारेमा हालको अवस्था के छ ?**

क्रोएसियामा बसोबास गर्ने नेपालीहरूले जाग्रेवमा नेपाली दूतावास र कन्सुलर कार्यालय स्थापना गर्न धेरै अगाडिदेखि माग गर्दै आएका छ । अष्ट्रियाको भियनामा रहेको नेपाली दूतावासबाट प्रदान गरिने सेवा अपुग भएको र सबैको पहुँचमा पुग्न नसकेको अवस्था छ ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) मार्फत पनि हामीले क्रोएसियामा नेपालीहरूको संख्या बढ्दै गइरहेकाले दूतावासको माग गरेका हौं । विगतमा एनआरएनएका केन्द्रीय पदाधिकारीहरूमार्फत् पनि पहल गरेका हौं । तर, ठोस उपलब्धि हासिल हुन सकेको छैन ।

हाल म क्रोएशियामा दूतावास स्थापनाका लागि प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री डा. आरजु राणाको ध्यानाकर्षण गराउन काठमाडौं आएको छु । क्रोएशियामा नेपाली दूतावास वा नियोग अतिआवश्यक भएकाले यो विषयलाई सरकारले प्राथमिकतामा राखोस् भन्ने क्रोएशियामा रहेका नेपालीहरूको साझा माग हो । यसमा नेपाल सरकारले तत्कालै ध्यान दिन जरुरी छ ।

**दूतावास नहुँदा त्यहाँ रहेका नेपालीहरुले कस्ता समस्या खेप्नुपरेको छ ?**

नेपालीका जन्मदेखि मृत्युसम्मका समस्या छन् । कामका लागि त्यहाँ गएका नेपाली उतै एकआपसमा विवाह गरेर बसिरहनुभएको अवस्था पनि छ । उहाँहरूका बालबालिकाको जन्म दर्ता, विवाह दर्ता, घर जग्गा कारोबारलगायतका लागि चाहिने अधिकृत वारेसनामा, राहदानी नवीकरणदेखि वैदेशिक रोजगारका मागपत्र प्रमाणीकरणका समस्या छन् ।

अष्ट्रियाको भियना जान ५-६ घण्टाको यात्रा गर्नुपर्दा समय र लागत बढेको छ । क्रोएसियामा १० देखि १५ हजार नागरिक रहेको भारतलगायतका देशले दूतावास नै खोलेर आफ्ना नागरिकलाई सहज रूपमा सेवा दिइरहेका छन् । क्रोएसियामा बोस्नियापछि नेपाली दोस्रो ठूलो समुदायको रूपमा छ ।

यस्तो अवस्थामा नेपालीले दूतावासको माग गर्नु अत्यन्तै न्यायोचित विषय हो । दूतावास हुँदा तत्कालका लागि त्यहाँ रहेका हामी लाभान्वित भए पनि दीर्घकालीन रूपमा त्यसले राष्ट्रको सम्बन्ध र सम्पर्कदेखि व्यापार तथा लगानी बढाउने, सांस्कृतिक आदानप्रदान गर्ने भएकाले क्रोएसियामा नेपाली दूतावास स्थापना अतिजरुरी ठानेका छौं ।

गैरआवासीय नेपाली संघको अभियानले विदेशी भूमिमा बस्ने नेपालीहरूको समस्या समाधान गर्न महत्वपूर्ण योगदान दिएको छ तर सधैंभरि गैरआवासीय नेपाली संघको अभियानले थेग्न सक्दैन ।

**दूतावास स्थापनाका लागि हालसम्म ठोस पहल नभएकाले सफलता प्राप्ति नभएको त होइन ?**

> **दूतावास हुँदा तत्कालका लागि हामी लाभान्वित भए पनि दीर्घकालीन रुपमा त्यसले राष्ट्रको सम्बन्ध र सम्पर्कदेखि व्यापार तथा लगानी बढाउने, सांस्कृतिक आदानप्रदान गर्ने भएकाले क्रोएसियामा नेपाली दूतावास स्थापना अतिजरुरी ठानेका छौं...**

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल इटालीको रोम जाँदा दूतावास स्थापनाको आवश्यकता र औचित्य समेटिएको ज्ञापनपत्र नै बुझाएका थियौं । त्यसपछि युरोपका पोर्चुगललगायतका ८ देशमा दूतावास खोल्ने निर्णय हुँदा हामी आशावादी भएका थियौं । तर, नेपालमा सरकार परिवर्तन भएकाले काम अघि बढ्न सकेन ।

नेपालीलाई सुरक्षा प्रदान गर्न गैरआवासीय नेपाली संघको मात्र जिम्मेवारी हो भनेर हुँदैन । हामी सामाजिक र सांस्कृतिक काम मात्र गर्न पाउने अवस्थामा छौं । अन्य समस्याको समाधानका लागि त दूतावास वा कन्सुलर कार्यालय नै चाहिन्छ ।

**क्रोएशियामा करिब ५० हजारको संख्यामा नेपालीहरु रहेका तपाईंले बताउनुभयो । नेपालीहरुले कस्तो खालको काम गरिरहेका छन् ?**

क्रोएशियामा नेपालीहरू ठूलो संख्यामा कन्स्ट्रक्सन वर्करका रूपमा रहेका छन् । क्रोएशियाको अर्थतन्त्रको मुख्य आधार पर्यटन हो । उक्त क्षेत्रमा पनि ठूलो संख्यामा नेपालीहरूले काम गरिरहेका छन् । यसका अतिरिक्त प्रोसेसिङ, प्याकेजिङ, सप्लाई चेनअन्तरगतका बाइक राइडर र कृषि क्षेत्रमा काम गरिरहेका छन् ।

नेपालबाट वर्क पर्मिटमा गएका कतिपय नेपालीहरूले समयमै तलब नपाउने र कामको ग्यारेन्टी नभएको बताए पनि ठूला समस्या देखिएका छैनन् । व्यक्तिगत वर्क पर्मिटमा जानेमध्ये धेरैले दुःख पाएका छन् । कतिपयलाई सेन्जेन भिसा भनेर ठूलो रकम लिएर बिचल्लीमा पारेको पनि बेलाबेलामा सार्वजनिक हुने गरेको छ ।

**युरोपेली देशमा रहेका दूतावासले मागपत्र प्रमाणित नगरेकाले समस्या भएको व्यवसायीहरुले भन्ने गरेका छन् । यस समस्याको समाधान कसरी गर्न सकिन्छ ?**

पहिले संस्थागत हुँदा समस्या थिएन तर पछि विभिन्न कारणले व्यक्तिगत भयो । यसलाई म विडम्बना नै भन्छु । संस्थागत रूपमा जाँदा लागत कम र रोजगारीको सुरक्षाको सुनिश्चितता हुन्छ । व्यक्तिगत रूपमा अरूको भनाइमा लागेर जाँदा नेपालमा बाचा गरिएअनुसारको काम, तलब र सेवा सुविधा नपाउने समस्या बढी हुन्छ ।

व्यक्तिगत रूपमा जाँदा लामो समय रोजगारीविहीनको अवस्थामा पुग्न सकिन्छ । व्यक्तिगत रूपमा अनुचित प्रकारका प्रलोभनमा पारिएको पनि देखिन्छ । त्यसैले, हामीले दूतावास स्थापना गरेर श्रम सम्झौता गरेर हाल फिलिपिन्सले जस्तै कामदारको सेवा सुविधाको सुनिश्चितता गरेर मात्र पठाउनुपर्नेमा निरन्तर जोड दिएका हौं ।

**क्रोएशियामा रहेको रोजगारीको अवसर लिन नेपाली युवा-युवतीलाई तपाईंको सल्लाह के छ ?**

नेपालीहरू तयारी गरेरभन्दा सपना देखेर वा देखासिकी गरेर लहैलहैमा लागेर ठूलो धनराशि बिचौलियालाई खुवाएर समस्यामा परेका देखिन्छ ।

समय परिवर्तन भएको छ । युरोपमा अंग्रेजी भाषाको ज्ञान र सीप अनिवार्य छ । कृषि, कन्स्ट्रक्सन, ठूला सवारी साधन चलाउने ड्राइभर, कुक, वेल्डर आदि प्रशस्त क्षेत्रमा रोजगारीको अवसर छ । यी काम जानेकाहरूले मासिक १ लाख रुपैयाँ सजिलोसँग बचत गर्न सक्ने अवस्था छ ।

तर, सीपबिना केही हुँदैन । हातमा कुनै पनि सीप नभएको व्यक्तिले युरोपमा रोजगारीको सपनामा लगानी गर्नु आत्मघाती ठहरिन सक्छ ।

# बाँसभित्र भविष्य खोजिरहेका शिल्पी

**मध्यान्ह संवाददाता**
काठमाडौं १६ चैत ।



नेपालमा बाँसको सामाग्रीको व्यवसायी बजार निकै कम छ । बाँसको सामाग्रीको निमार्णका परम्परागत सिपबाटै धानिएको छ । व्यवसायीक विस्तारको लागि आधुनिक सिपको आवश्यकतालाई मध्य नगर गर्दै चीनको छिनसेनबाट आएका बाँसका सामाग्री बनाउन सिकाउने कालिगढले नयाँ तथा आकर्षक डिजाइनका समाग्री बनाउन सिकाइरहेका छन् ।

ललितपुरको गोदावरी नगरपालिका वडा नं ४ बडिखेलमा बाँसबाट बनाइने सामग्री सम्बधि तालिम २० जना भन्दा बढी स्थानीय लिएका छन् । वर्षौदेखि बाँसका समाग्रीको काम गर्दै आएका बडिखेलका स्थानीयलाई चिनियाँ स्वयंसेवकसहितको टिमले तालिम दिएका छन् ।

बडिखेलका महेश कुमार पहरीले बिगत १० वर्षदेखि बाँसको काम गर्दै आएका थिए । बाँसको कटेज बनाउनेदेखि बाँसबाट बन्ने डालो नाङलो बनाउने काम गर्ने गरेका छन् ।

अहिले चिनियाँ प्रविधीक हामीलाई तालिममा यसरी सिकाइरहेका छन की बाँसको साम्राागीको बनाउने तरिकामा उस्तै उस्तै भएपछि फिनिसिङ गर्न आउने थिएन तर यो तालिमले हामीलाई कसरी बाँसको साम्राागीबाट आकर्षण बनाउने भन्ने ज्ञान मिलेको छ ।'

यस्तै बाँसको तालिम लिन आएकी १६ वर्षकी प्रशिक्षार्थी समिना पहरी पनि छिन् । उनका बुबाले समेत बाँसको साम्राागीको काम गर्छन । तालिम लिन बाबुले सुरुमा नाम लेखाएको भएपनि आफुले भन्दा नयाँ पुस्ताले छिट्टै सिक्ने आशामा छोरीलाई तालिम लिन पठाएका हुन् । कक्षा ९ को परीक्षा सकिएकै दिन गाँउमै बाँसको तालिमलाई अवसरको रुपमा उनले लिएकी छिन् । 'बुवाले बाँसको साम्राागी बनाउने गरेको धेरै वर्ष भयो । हामी पढाइमा व्यस्त हुदाँ सिक्ने अवसर मिलेको थिएन । तर अहिले विदेशबाट नै नयाँ तरिकाबाट बाँसको सामाग्री बनाउन सिकाउने तालिम गाँउमै पाइने भएपछि विद्यायल छुट्टी भएको समयलाई सदुपयोग गर्न र सीप सिक्ने मन लाग्यो ।' उनी भन्छिन, 'पहिला कहिल्यै काम नगरेकोले सुरुमा गाह्रो लागिरहेको थियो तर १५ दिनसम्म सिक्छु भन्ने आत्मविश्वास छ । तालिमबाट सिकेको सीपलाई घरमा अन्य सदस्यलाई समेत सिकाउने सक्नेगरी सिकिरहेको छु ।'

पढाईसँगै सीप सिक्ने समिनाको चाहनाले तालिम दिन आएका चिनियाँ लि यिनहाई समेत दंग छन् । मिस्टर लि चीनको सिचुवान प्रान्तस्थित छिनसेन काउन्टीमा रहेको 'छिनसेन जेवाइजु बेम्बो उड प्रोडक्स कम्पनी लिमिटेड'का मालिक हुन् । बाँसको कुशल कालिगढ समेत रहेका उनी नेपालमा मुख्य प्रशिक्षक बनेर आएका हुन् । यसअघि नेपाल कहिल्यै नआएका लिको मनभित्र छिनसेनदेखि गोदावरीसम्म आइपुग्दा स्थानीय बाँसबाट कस्तो सामाग्री उत्पादन गर्न सकिएला, नेपालीले बाँसबाट बन्ने सामाग्रीहरू बनाउन जान्लान कि नजान्लान भन्ने खुल्दुली थियो । तर, जब उनी नेपाली प्रशिक्षार्थीहरूलाई सिकाउन सुरु गरे, उनी दंग छन् । नपरुन पनि किन ? चीनमा निकै लोकप्रिय मानिने बाँसको लालटिन बनाउन नेपाली शिल्पीहरूलाई कत्ति पनि समय लागेन । दुई दिनभित्रै चिनियाँ शैलीको जस्तै लालटिन बनाउन सिकेको देखेर मिस्टर लि उत्साहित बने । उनी भन्छन्, 'नेपालीले सीप सिक्नको लागि गरेको लगाव साँच्चै नै प्रेणणादायी छ । नेपाली मेहनती छन् । यो सानो तालिमले पनि उनीहरूलाई भोलिका दिनमा थप आत्मनिर्भर बन्न ठुलो सहयोग पुग्नेछ । अहिलेका प्रशिक्षार्थीहरू आफै मास्टर बनेर अरुलाई सिकाउनेछन् ।'

सोशल डेभलपमेन्ट भिजन, ललितपुरका अध्यक्ष शिवकुमार बस्नेतले गोदावरीमा बाँसका सामग्रीबाट जीवन गुजारा गरिरहेका व्यक्तिहरूलाई तालिमले व्यवसायिक बनाउने बिश्वास व्यक्त गर्छन् । स्थानीयले बनाएका बाँसका सामाग्रीको बजार अभाव नहुने विश्वास व्यक्त गर्दै बस्नेत भन्छन्, 'नयाँ कला र डिजाइनमा बन्ने बाँसका सामाग्रीको माग अवश्य पनि बजारमा हुनेछ । जसका कारण बाँसका शिल्पी दाजुभाइ दिदीबहिनीहरूको आयआर्जनमा टेवा पुग्नेछ ।'

तालिमका लागि सहयोग गरेको चीनको तिब्बत (सिजाङ)स्वायत्त प्रदेशमा मुख्यालय रहेको गुडविल फाउन्डेशनका अध्यक्ष मा झेजियाङ नेपालमा बाँसको निकै ठूलो सम्भावना रहेको बताउँछन् । नेपाललाई ४० वर्षदेखि चिनेका मिस्टर मा तालिमबाट उत्साहित छन् । उनी भन्छन्, 'सुरुमा नेपाली बाँस प्रयोग गर्न सकिन्छ कि सकिँदैन भन्ने चिन्ता लागेको तर यहाँको बाँसबाट राम्रो सामाग्री बनाउन सकिन्छ । अब बाँसको लालटिनमा राख्ने पेपर आयात गर्नुभन्दा गुणस्तरमा अब्बल रहेको नेपाली हाते कागजलाई नै प्रयोग गर्नुपर्छ ।'

प्लास्टिकको विकल्पमा बाँसको प्रयोग हरित विकास प्रवर्द्धनको महत्वपूर्ण फड्को हो । मिस्टर मा भन्छन्, 'वास्तवमै बाँसमा आधारित हरित यात्राले जसरी सिचुवान प्रान्तको छिनसेन काउन्टीको भविष्य बदलेको छ, त्यसैगरी गोदावरीको पनि भविष्य बदल्न सक्छ ।'

# राष्ट्रिय विज्ञापन संघ नेपालको अध्यक्षमा कोइराला



**काठमाडौं/मस-** राष्ट्रिय विज्ञापन संघ नेपालको दोस्रो साधारणसभा एवं पहिलो अधिवेशनबाट प्रदिपप्रसाद कोइरालाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

मिडिया सोलुसन प्रालिका कोइरालाको नेतृत्वमा १४ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन हो । संघको प्रथम उपाध्यक्षमा सिटी एक्प्रेस मिडिया प्रालिका अमृतकुमार पन्थी, द्वितिय उपाध्यक्षमा एड चौतारीका आशिष खड्का, महासचिवमा मिडिया जर्नलमा विमल खड्का, सचिवमा नेपाल मिडिया हाउस प्रालिका नवराज निरौला, कोषाध्यक्षमा स्मारिका ट्रेडर्स प्रालिका अरुण आर्याल र सहकोषाध्यक्षमा सिगास मिडिया हव प्रालिका चन्द्रकान्ता अवस्थी सर्वसम्मत निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत अधिवक्ता प्रदिप सत्यालले जानकारी दिए ।

सदस्यहरुमा स्वर्गद्वारी मिडिया प्रालिका बसन्त योगी, डच मिडिया प्रालिका रवि अर्याल, एमबिसस मिडिया प्रालिका राधाकुमारी ढकाल रोजी, प्रिन्ट प्रो इन्टरप्राइजेजका अनुप अधिकारी, के एण्ड आर जिटल मार्केटिङका कुलराज भट्टराई, पोलिसी मिडिया प्रालिका सविन पोखरेल, नेश्नल डिया सर्भिस प्रालिका अदिप पाठक निर्वाचित भएका छन् ।संघको अधिवेशनको सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले उद्घाटन गरेका थिए ।

# २४ चैतदेखि फायर सेफ्टी र इलेक्ट्रोनिक सेक्युरिटी सम्मेलन




**काठमाडौं/मस-** नेपालमा आगलागी जोखिम न्यूनीकरण तथा विद्युतीय सुरक्षा प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यसहित अन्तर ाष्ट्रिय सम्मेलन तथा प्रदर्शनी आयोजना हुने भएको छ । एशिया प्यासिफिक सेक्युरिटी एसोसिएसन (आप्सा) नेपाल च्याप्टरले यहि चैत्र २४ र २५ गते दरबारमार्गस्थित होटल याक एण्ड यतिमा 'फायर सेफ्टी एन्ड इलेक्ट्रोनिक सेक्युरिटी इन्टरनेशनल कन्फरेन्स २०२५' आयोजना गर्ने तयारी गरेको छ । आप्सा नेपालका अध्यक्ष सुनिल कुमारका अनुसार सम्मेलनमा गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय तहका ७५३ वटै पालिकाका प्रतिनिधिहरू, उद्योग क्षेत्रका नेताहरू तथा आगलागी तथा इलेक्ट्रोनिक सुरक्षासम्बन्धी विज्ञहरूको सहभागिता रहने छ । आगलागी न्यूनीकरण र विद्युतीय सुरक्षाका क्षेत्रमा नवीनतम प्रविधि, प्रवृत्ति तथा उत्कृष्ट अभ्यासहरूबारे जानकारी प्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको उनले जानकारी दिए ।सम्मेलनमा विभिन्न अन्तर्राष्ट्रिय विज्ञ तथा प्रमुख वक्ताहरू सहभागी हुने अपेक्षा गरिएको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**